जनताको आवश्यकता पुरा गर्न राजनीतिक... पृष्ठ ५ मा


जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com




वर्ष २५ • अंक ३२९ • २०८१ साल बैशाख १५ गते शनिबार (27 April, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## गाउँपालिका उपाध्यक्ष र तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

टुडे समाचारदाता

काठमाण्डु । महोत्तरीको एकडारा गाउँपालिकाकाकी वर्तमान उपाध्यक्ष महजबी खातुन, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंहसमेत ६ जना उपर शुक्रबार भ्रष्टाचार मुद्दा दायर भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोही गाउँपालिका वडा नं. १ अन्तर्गतका स-साना सडक ढलान गर्नको लागि विनियोजन भएको रकममा अनियमितता गरेको ठहर भएको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो।

यसबारे उजुर परेसँगै अनुसन्धान हुँदा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंह, इन्जिनियर सुभाष पाण्डेय, योजना शाखा प्रमुख (अधिकृत छैटौं) महेन्द्र कुमार मण्डल र असिस्टेन्ट सव-इन्जिनियर संजय कुमार मंडलले योजनाको खरिद प्रक्रियामा तयार गरिएको गुणस्तर सम्बन्धी मापदण्ड अनुसार काम नगरी रु.८ लाख ६५ हजार १४५ भुक्तानी गर्न भूमिका खेलेको पाइएकाले उनीहरुविरुद्ध सो बराबरको बिगो मागदाबी लिइएको छ।

यसैगरी एकडारा गाउँपालिकाकी उपाध्यक्ष महजबी खातुनले समेत स्थलगत अनुगमन गरी लागत अनुमान बमोजिमको कार्य सम्पन्न भइसकेको भनी गलत प्रतिवेदन दिएको अख्तियारले जनाएको छ।

सोही प्रतिवेदनसमेतको आधारमा भुक्तानीसमेत भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

यसैगरी श्री जानकी कन्सट्रक्शनका प्रोपराइटर राकेश कुमार रायले समेत गलत नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी लिएको पाइएकाले उनलाई समेत आठ लाख पैंसठ्ठी हजार एक सय पैंतालीस रुपैयाँ बिगो कायम गरेर आरोपपत्र दायर गरिएको घिमिरेले जानकारी दिए।

### पक्राउ पूर्जी जारी, उप-सचिव फरार

# पटक-पटक बलात्कार गरेको आरोप अधिकृतकी श्रीमती गर्भवती

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा एक कर्मचारीले आफ्नै कार्यालयमा कार्यरत्त एक अधिकृतका श्रीमतीलाई बलात्कार गरेको आरोप लागेको छ।

मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका वरिष्ठ उपसचिव रुपेशकुमार साहमाथि बलात्कारको आरोप लागेको छ। सिरहाको बरियारपट्टी गाउँपालिका- ४ स्थित तेनुवापट्टीका ४८ वर्षीय रुपेशकुमार साहमाथि पीडित महिलाले जबरदस्ती करणी सम्बन्धी कसुर मुद्दामा जिल्ला प्रहरी कार्यालय धनुषामा मुद्दा दर्ता गराएकी छन्।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकै वरिष्ठ उपसचिव साहमाथि उनीसंगै बस्दै आएका पुरुष सहकर्मीका श्रीमतीलाई डर, त्रास र धम्की देखाउँदै विभिन्न पटक बलात्कार गरेको आरोप छ।

उनीमाथि बलात्कारको आरोप लागेसंगै साह दुई महिनादेखि कार्यालयमा समेत आउन छाडेका छन् । उनीमाथि जिल्ला प्रहरी कार्यालय धनुषामा बलात्कारको मुद्दा दर्ता भएपछि साहको खोजी कार्यमा प्रहरी लागिपरेका छन्।

वरिष्ठ उपसचिव साहले गत माघ १८ गते मधेश प्रदेश सरकारको कर्मचारी आवासको एउटै तल्लामा बस्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत अधिकृत घरमा नभएको मौका छोपी भगवानको प्रसादमै नसालु पदार्थ मिसावट गरी बलात्कार गरेको आरोप ती पीडित महिलाले लगाएकी छन्।

भगवानको प्रसाद भन्दै नसालु पदार्थ मिसावट गरी खान दिएको र बेहोस अवस्थामा आफूलाई बलात्कार गरेको महिलाको आरोप छ। पीडित महिलाले गत चैत ३० गते जिल्ला प्रहरी कार्यालय धनुषामा आफूलाई बलात्कार गरेको भन्दै उजुरी दिएकी थिइन्। उनको मुद्दा २०८१ वैशाख ३ गते दर्ता गरिएको थियो।

आरोपित वरिष्ठ उपसचिव साहले घटनाकै क्रममा भिडियो फोटो समेत खिचेर सो सामग्री अरूलाई देखाइदिने डर धम्कीसमेत दिने गरेको र सो सामग्रीको नाममा ब्लैकमेल गर्दै पटक-पटक बलात्कार गरेको जाहेरीमा उल्लेख गरिएको छ।

मधेश भवनको परिसरमा रहेको आवासमा साह र पीडित बस्दै आएका छन् । पीडितका श्रीमान् नभएको बेलामा वरिष्ठ उपसचिव साह साथीको नाताले कोठामा आई टिभी हेर्ने गरिरहेको सो पत्रमा उल्लेख गरिएको छ । पीडित महिलाको श्रीमान् नभएको बेलामा आरोपित साह कोठामा टिभी हेर्ने बहानामा भगवानको प्रसाद लिएर आउने र सो प्रसादमा नसालु पदार्थ मिसावट गरी खान दिने र सो खाएपछि अचेत अवस्थामा बलात्कार गरी भिडियोसमेत बनाएर ब्लैकमेल गर्दै आएको सो जाहेरीमा उल्लेख गरिएको छ।

यता सो घटनापछि गत फागुन १८ गते कार्यालयबाट बिदा लिएका वरिष्ठ उपसचिव साह भने बिदा भुक्तान भइसकेपछि पनि सम्पर्कमा नआएको मुख्यमन्त्री कार्यालयका सचिव अर्जुन गौतमले जानकारी दिए।

अनुसन्धानको क्रममा धनुषा प्रहरीले मुख्यमन्त्री कार्यालयलाई आरोपी वरिष्ठ उपसचिव साहबारे आवश्यक सूचना उपलब्ध गराउन पत्राचार गरेको छ।

धनुषा प्रहरीका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले भने अनुसन्धानका क्रममा अदालतमा रहेको मुद्दामा केही बताउन नमिल्ने बताए । जबरजस्ती करणीबाट महिलाको पेटमा आरोपी साहले गर्भवती समेत बनाएको जाहेरीमा उल्लेख रहेको छ।







# लगानी सम्मेलनमा एक सय ५१ परियोजना प्रस्तुत गरिँदै

काठमाण्डु । मुलुकमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएर कलकारखाना, उद्योगधन्दा स्थापनालगायत आर्थिक उन्नयनका परियोजना कार्यान्वयन गर्ने लक्ष्यका साथ आयोजना हुन तेस्रो लगानी सम्मेलनमा एक सय ५१ परियोजना प्रस्तुत गरिने भएको छ।

पर्याप्त पूँजी, प्रविधि र मानव संसाधनको लागि सरकार र निजी क्षेत्रका साथै बाह्य लगानी पनि आवश्यक भएकाले समग्र देशको विकासमा योगदान गर्ने ठानिएका ती परियोजना आगामी आइतबार र सोमबार यहाँ आयोजना हुने सम्मेलनमा प्रस्तुत हुनेछन् । लगानी बोर्डको ५८औँ बैठकले ती परियोजनाका निम्ति आशयपत्र माग, लगानीकर्तासँग परियोजनाबारे विस्तृत छलफल गर्ने निर्णय गरेको छ । सम्मेलनामा सबैभन्दा धैरै ऊर्जा क्षेत्रका ३१ वटा आयोजना समावेश गरिएका छन् ।



बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार यातायात क्षेत्रका १९, खानी तथा खनिजजन्य क्षेत्रका १३, पर्यटन क्षेत्रका १३, कृषिका १४, उत्पादन क्षेत्रका पाँच, औद्योगिक पूर्वाधार तथा व्यापारसम्बन्धी सात, स्वास्थ्य तथा शिक्षा क्षेत्रका तीन, सञ्चार तथा सूचना प्रविधि क्षेत्रका दुई, पानी आपूर्तिका चार र सहरी विकास क्षेत्रका छवटा परियोजना छन्। निजी क्षेत्रबाट प्रस्तुत ३१ वटा परियोजना पनि बाह्य लगानीका लागि समावेश गरिएको छ। प्रत्यक्ष वैदेशिक लगानीका लागि लगानीकर्तालाई आमन्त्रण गरिने ती परियोजना यी हुन्ः

**यातायात क्षेत्रका १९ आयोजना**

बेथानचोक नारायणथान दर्शन केबलकार, काठमाडौँ चक्रपथ विद्युतीय बस 'ऱ्यापिड ट्रान्जिट' प्रणाली आयोजना, चन्द्रागिरी-चित्लाङ-पालुङ-चितवन द्रुतमार्ग (एक्सप्रेस वे) आयोजना, चितवन-रामपुर-बुटवल द्रुतमार्ग आयोजना, चितवन-रामपुर-पोखरा द्रुतमार्ग आयोजना, विद्युतीय सवारीसाधनका लागि 'फास्ट चार्जिङ स्टेशन', सुदूरपश्चिम सार्वजनिक यातायात आयोजना, मधेस प्रदेश सार्वजनिक यातायात परियोजना, पाटन ढोका, जावलाखेल र लामाचौरमा बहुतले पार्किङ निर्याण परियोजना, मलेखु-लोथर सडक र सुरुङ परियोजना, दाउन्ने खण्ड रोड सुरुङमार्ग, हेम्जा-नयाँपुल खण्डसडक सुरुङमार्ग आयोजना, मिर्चैया-कटारी-घुर्मी सडक आयोजना, धरान लेउती रोड सुरुङमार्ग आयोजना, मेट्रो रेल १ः सातदोबाटो-रत्नपार्क-नारायणगोपाल चोक, मेट्रो रेल २ः कीर्तिपुर-कालीमाटी-नयाँ बानेश्वर-एयरपोर्ट, मेट्रो रेल ३ः कोटेश्वर-चाबहिल-स्वयम्भु-कोटेश्वर, आधुनिक टर्मिनलसहितको बसपार्क परियोजना, पोखरा महानगरपालिका र पोडवे आयोजना पोखरा महानगरपालिका रहेका छन् ।

**पर्यटन पूर्वाधारका १७ आयोजना**

खप्तड एकीकृत पर्यटन विकास आयोजना, प्रदर्शनी केन्द्र परियोजना, पोखरा महानगरपालिका, मूलबारी-सौनेथुप फुट ट्रेल (ह्वाइट वाल) परियोजना, बेगनास-रुपताल जल खेलकुद आयोजना, पोखरा महानगरपालिका, जानकी हेरिटेज होटल तथा सांस्कृतिक गाउँ परियोजना, लुम्बिनी करिडोरका पालिकाहरूमा 'इलेक्ट्रिक मोबिलिटी करिडोर' विकास आयोजना, 'ग्रेटर लुम्बिनी टुरिस्ट सर्किट' यातायात परियोजना, नुन्थर फिल्म सिटी परियोजना, मनोरञ्जन पार्क बागमारा, चितवन, रुद्रपुरगढी पर्यटन आयोजना, बढिमालिका पर्यटन विकास परियोजना, मुडी पर्यटन विकास परियोजना, ग्रेट हिमालयन ट्रेल पर्यटन परियोजना, दोलखा फिल्म सिटी परियोजना, पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र तालतलैया बहुउद्देश्यीय पर्यटन आयोजना ।

**भौतिक पूर्वाधारका पाच आयोजना**

काँच (ग्लास) उत्पादन परियोजना, डाबर नेपाल प्रालि क्षमता विस्तार तथा उत्पादन विविधीकरण, ग्रीन हाइड्रोजन एण्ड अमोनिया प्लान्ट, सूर्यतारा सिमेन्ट उद्योग प्राइभेट लिमिटेड र कागज कारखाना परियोजना ।

**कृषि विकासका १५ आयोजना**

एकीकृत 'फिस ह्याचरी', सुविधासम्पन्न रिसोर्ट निर्माण, वधशाला निर्माण एवं सञ्चालन, चियाको विद्युतीय लिलामी (ई-अक्सन) केन्द्र स्थापना र सञ्चालन एवं गोदाम निर्माण, छुर्पी (डग च्यु) निर्यात प्रवर्द्धन र गुणस्तर सुधार परियोजना, शीत भण्डारगृह (कोल्ड स्टोरेज)को स्थापना परियोजना, जैविक मलको नमूना परियोजनाको विकास, उत्पादन तथा अनुसन्धान केन्द्र, अदुवाको मूल्य शृत्त लामा लगानी प्रवर्द्धन योजना, अलैंची आपूर्ति शृत्त ला सुधार तथा व्यापार अभिवृद्धि परियोजना, आलु मूल्य शृत्त ला परियोजना, टिमुर (सिचुआन पेपर) मूल्य शृत्त ला परियोजना, सेम्लार बजार निर्माण, बुटवल, कृषि वन परियोजना (रबर) र पोल सिजनिङ एण्ड ट्रिटमेन्ट प्लान्ट ।

**औद्योगिक पूर्वाधार र व्यापार क्षेत्रका सात आयोजना**

दैजी औद्योगिक क्षेत्र, शक्तिखोर औद्योगिक क्षेत्र, सिमरा विशेष आर्थिक क्षेत्र (सेज)मा औद्योगिक क्षेत्र विकास परियोजना (ब्लक डी एण्ड ई), पाँचखाल सेज, सिमरामा विशेष आर्थिक क्षेत्रको विकास तथा विस्तार (ब्लक बी र सी), चीन-नेपालमैत्री औद्योगिक पार्क र गोदाम (वेयरहाउस) परियोजना, पोखरा महानगरपालिका ।

**ऊर्जा क्षेत्रका ३१ परियोजना**

बेतान कर्णाली अर्धजलाशययुक्त (पीआरओआर) जलविद्युत् आयोजना (चार सय ३९ मेगावाट), हुम्ला कर्णाली जलविद्युत् आयोजना (६१ दशमलव ०२ मेगावाट), माथिल्लो चमेलिया जलविद्युत् आयोजना (५३ दशमलव ८५ मेगावाट, कोखाजोर स्टोरेज जलविद्युत् आयोजना (६३ मेगावाट), कन्काई बहुउद्देश्यीय आयोजना (६० मेगावाट), कवाडी खोला जलविद्युत् आयोजना (३० मेगावाट), तम डोगर बुढीगण्डकी जलविद्युत् आयोजना (४० दशमलव २० मेगावाट), सुपर बुढीगण्डकी जलविद्युत् आयोजना (३४ दशमलव ९३ मेगावाट), 'कम्प्रेस्ड बायो ग्यास प्लान्ट' परियोजना, माथिल्लो मर्स्याङ्दी-२ जलविद्युत् आयोजना, ग्रीड जडित कोहलपुर सौर्य परियोजना (मेगावाट पिक) र बाणगङ्गा (४० मेगावाट) परियोजना, नौमुरे बहुउद्देश्यीय आयोजना (दुई सय ८१ दशमलव ०४ मेगावाट), खिम्ती शिवालय जलाशययुक्त जलविद्युत् परियोजना (एक हजार दुई सय १६ मेगावाट), कालीगण्डकी-२ जलाशययुक्त जलविद्युत् आयोजना ( छ सय ५० मेगावाट), भारभुङ स्टोरेज जलविद्युत् आयोजना (तीन सय ३७ दशमलव एक मेगावाट), कर्णाली चिसापानी वायु ऊर्जा आयोजना (१० मेगावाट), नलगाड जलाशययुक्त जलविद्युत परियोजना (चार सय १७ मेगावाट), इनरुवा-अनारमणि चार सय केभी प्रसारण लाइन र सबस्टेशन निर्माण, अरुण हब (सितलपाटी-इनरुवा चार सय केभी ट्रान्समिसन लाइन र सबस्टेशन) परियोजना, तिङ्ला-दुधकोशी-ढल्केबर चार सय केभी प्रसारण लाइन र सबस्टेशन, मातातीर्थ-दुकुछाप दुई सय २० केभी प्रसारण लाइन परियोजना, दुकुछाप-टेकु दुई सय २० केभी प्रसारण लाइन आयोजना, तिङ्ला हब-नयाँ खिम्ती-सुनकोशी-ढल्केबर चार सय केभी प्रसारण लाइन परियोजना, बुढीगण्डकी करिडोर (फिलिम-गुम्बा-रातामाटे) चार सय केभी प्रसारण लाइन परियोजना, दमौली-कुश्मा-बाफिकोट चार सय केभी डबल सर्किट प्रसारण लाइन परियोजना, तमोर-ढुङ्गेसाँगु दुई सय २० केभी प्रसारण लाइन परियोजना, हितार-सितलपाटी (अरुण करिडोर) चार सय केभी प्रसारणलाई परियोजना, सिम्बुवा खोला जलविद्युत् आयोजना (७० दशमलव तीन मेगावाट), किमाथाङ्का अरुण जलविद्युत् आयोजना (चार सय ५४ मेगावाट), मुगु कर्णाली जलाशययुक्त जलविद्युत् आयोजना (एक हजार नौ सय दुई मेगावाट) र घुन्सा खोला जलविद्युत् आयोजना (७७ दशमलव ५ मेगावाट) ।

**जल आपूर्तिका चार परियोजना**

काँक्रे देउराली जल संरक्षण तथा आपूर्ति परियोजना, महादेव खोला जल संरक्षण, सिस्नेरी खानेपानी आयोजना, थोन्से खोला जल संरक्षण तथा पानी आपूर्ति परियोजना ।

**शहरी विकास छ परियोजना**

नयाँ सहर विकास परियोजना (इशान), अटो भिलेज परियोजना, पोखरा महानगरपालिका, लगनखेलमा भूमिगत पालिका बजार, बबरमहल प्रशासनिक प्लाजा, पश्चिम सेती टाउन प्लानिङ परियोजना र गोपी कृष्ण केन्द्रीय कम्प्लेक्स ।

**स्वास्थ्य तथा शिक्षा क्षेत्रका तीन परियोजना**

सार्वजनिक विद्यालय सुधार परियोजना, गौतमवुद्ध प्रसूति अस्पताल र धुलिखेल मेडिसिटी परियोजना ।

**सूचना तथा प्रविधि क्षेत्र**

डाटा सेन्टर प्रोजेक्ट र आइटी पार्क/टेक्नोपार्क (सूचना प्रविधि विकास पार्क)

**खानी र खनिजजन्य क्षेत्रका १३ परियोजना**

चुनढुङ्गा उत्खनन परियोजना, सब्दु, सितगङ्गा नगरपालिका, अर्घाखाँची जिल्ला, डोलोमाइट उत्खनन, बोजे, हलेसी तुवाचुङ नगरपालिका खोटाङ, चुनढुङ्गा उत्खनन, धुनीबेसी घादिङ, ग्रेनाइट उत्खनन, काफलडाँडा, रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक, फलाम र तामा खानी उत्खनन्, झुन्लाबाङ, भुमे गाउँपालिका रुकुम, चुनढुङ्गा उत्खनन, जैतपानी र खामीलेख, कुपिण्डे नगरपालिका, सल्यान, म्याग्नेसाइट उत्खनन, त्रियुगा नगरपालिका र चौदण्डीगढी नगरपालिका, उदयपुर, सुनखानी, ढोकाढुङ्गा-फुलिवन, सुनछहारी गाउँपालिका, रोल्पा, फस्फोराइट, ढिकगड, दोगडाकेदार गाउँपालिका, बैतडी, फस्फोराइट, सङ्गाउँ, पुर्चौडी नगरपालिका बैतडी, पेट्रोलियम अन्वेषण, ब्लक नम्बर-५, चितवन, पेट्रोलियम अन्वेषण, ब्लक नम्बर-४ लुम्बिनी र धौवादी फलाम खानी परियोजना ।

**निजी क्षेत्रद्वारा तयार गरिएका ३१ परियोजना**

सिक्लेस अन्नपूर्ण केबलकार परियोजना, भरतपुर आइसल्याण्ड रिसोर्ट एण्ड वाटरल्याण्ड परियोजना, मध्य कालीगण्डकी जलविद्युत् आयोजना, तिप्ल्याङ कालीगण्डकी जलविद्युत् आयोजना, आइएमई सिमेन्ट आयोजना (बैतडी), काठमाडौँ प्राविधिक विद्यालय, गोपीकृष्ण केन्द्रीय कम्प्लेक्स, जालपादेवी केबलकारपरियोजना, कम्पोस्टमलप्लान्ट, रिभोल्भिङ पार्किङ, माथिल्लो सानीभेरी अर्धजलाशययुक्त जलविद्युत् आयोजना, मुगु कर्णाली जलविद्युत् आयोजना, पेल्मा खोला अर्धजलाशययुक्त जलविद्युत् आयोजना, दानाखोला जलविद्युत् आयोजना, माथिल्लो बुढीगण्डकी जलविद्युत् आयोजना, लान्द्रुक मोदी जलविद्युत् आयोजना, बलेफी खोला जलविद्युत् आयोजना, चुवाखोला (माथिल्लो र तल्लो तटीय) क्यास्केड जलविद्युत् आयोजना, माथिल्लो चुवा लुरुप्या खोला अर्ध जलाशययुक्त जलविद्युत् परियोजना, नरखोला जलविद्युत् आयोजना, माथिल्लो अप्सुवा जलविद्युत् आयोजना, माथिल्लो भेरी जलविद्युत् आयोजना, सुर्के दूधकोशी जलविद्युत् आयोजना, माथिल्लो मर्स्याङ्दी-१ जलविद्युत् आयोजना, अप्सुवा खोला-१ जलविद्युत् आयोजना, तीन चरणमा सगरमाथाको ट्रेलमा १० लक्जरी होटलहरू निर्माण परियोजना, पोडवे प्रयोग गरी चुनढुङ्गा उत्खनन, ह्याप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट, सुरुङ्गा, झापा, प्राकृतिक कृषि फार्म, गोरुसिङ्गे, तौलिहवा, कपिलवस्तु, महाकाली सेती क्यास्केड पिकिङ हाइड्रोइलेक्ट्रिक परियोजना (५४ मेगावाट) र सेती नदी पिकिङ जलविद्युत् आयोजना (७२ मेगावाट) छन् ।रासस

# जसपा महाधिवेशन प्रतिनिधि चयन गर्ने निर्देशिकाको मस्यौदा तयार




टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा)ले महाधिवेशन प्रतिनिधि चयन गर्नका लागि निर्देशिका तयार गरेको छ। पार्टीका कार्यकारिणी सदस्य लालबाबु राउतको नेतृत्वमा गठन भएको कार्यदलले निर्देशिकाको मस्यौदा तयार गरेको हो।

राउतले शुक्रबार बसेको कार्यकारिणी समितिको बैठकमा सो मस्यौदा पेस गरेका हुन् । कार्यकारिणी सदस्यहरूले मस्यौदा अध्ययन गरेपछि शनिबार पुनः बस्ने बैठकमा मस्यौदामाथि छलफल हुने जसपाका प्रचारप्रसार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए।

राउतले प्रस्तुत गरेको मस्यौदामा १ हजार महाधिवेशन प्रतिनिधिको प्रस्ताव गरेका छन् । यस्तै महाधिवेशन प्रतिनिधि कुन कलस्टरबाट कसरी प्रतिनिधि चयन गर्ने लगायतका प्रावधानहरू पनि प्रस्ताव गरिएको छ । प्रस्तावमाथि शनिबार छलफल हुने र त्यसलाई अन्तिम रूप दिने राउतले बताए। जसपाको एकता महाधिवेशन आगामी जेठ २८ देखि ३० गतेसम्म जनकपुरमा हुने भएको छ।

महाधिवेशनकै लागि संगठित सदस्यहरू पनि टुङ्गो लगाइसकेको छ । जसपाका अनुसार संगठित सदस्य करिब १ लाख ४५ हजार रहेका छन् । ती संगठित सदस्यको बारेमा पनि कार्यकारिणी समितिले छलफल गर्ने बताइएको छ।

# शैक्षिक पाठ्यक्रमलाई समय सान्दर्भिक बनाउनुपर्ने : प्रधानमन्त्री



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकमै केहि गर्नुपर्ने भावना जागृत गर्न शिक्षामा परिवर्तन ल्याउनुपर्ने बताएका छन् ।

पूर्वाञ्चल विश्वविद्यालयको १२ औँ दीक्षान्त समारोहलाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले पछिल्लो समय देखिएको बौद्धिक पलायनलाई रोक्नका लागि पाठ्यक्रम समयानुकूल परिवर्तन गर्न जरुरी देखिएको बताएका हुन् ।

"युवा-विद्यार्थीमा देशमै बसेर केही गर्नुपर्छ भन्ने भावना जागृत गराई बौद्धिक पलायनलाई रोक्नसमेत पाठ्यक्रममा आमूल परिवर्तन जरूरी देखिन्छ", प्रधानमन्त्री दाहालले भने, "प्रविधिमा आधारित नवप्रवर्तन र अनुसन्धानलाई उच्च प्राथमिकतामा राखेर पाठ्यक्रम तयार गरी अध्ययन गराउनुपर्छ। समृद्धिसँग जोड्ने व्यावसायिक शिक्षाको खाँचो बढ्दै गएको छ।"

युवा सहभागिताबिना देशलाई समृद्धितर्फ अगाडि बढाउन नसकिने बताउँदै प्रधानमन्त्री दाहालले युवा लक्षित उद्यमशीलता र नवप्रवर्तन तथा मानव संशाधन विकासमार्फत उत्पादन वृद्धि र रोजगारी सिर्जनामा विशेष जोड दिए। "युवा जोश, जाँगरयुक्त ज्ञान, सीप र क्षमतालाई देशले नियालिरहेको छ र योगदान खोजिरहेको छ", प्रधानमन्त्री दाहालले भने, "कूल जनसंख्याको करिब ४० प्रतिशत युवा जनसाख्यिक लाभ नेपालले लिन सक्नुपर्छ र हामीले यो ऐतिहासिक अवसरलाई सदुपयोग गर्नैपर्छ।"

शैक्षिक क्षेत्रको उन्नयनमा आमूल रुपान्तरण गर्न नसक्नु दुःखद् रहेको बताउँदै प्रधानमन्त्री दाहालले शैक्षिक प्रणाली र यसले सिर्जना गरेको शैक्षिक बेरोजगारीको अवस्थालाई परिवर्तन गर्न जरुरी रहेको बताए। लामो समयदेखि विद्यालय तथा विश्वविद्यालय तहमा सिकाउनेभन्दा रटाउने शिक्षा पद्धति चलिरहेको अनुभूति हुने गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्राविधिक ज्ञान र सीपलाई विशेष जोड दिनसमेत निर्देशन दिएका थिए।


# हात्तीपाइले रोगविरुद्ध औषधि खुवाइने

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले यही वैशाख १६ गते देखि सात जिल्लामा हात्तीपाइलेविरुद्धको औषधि खुवाउने भएको छ।

हात्तीपाइले रोगको जोखिम रहेका झापा, धनुषा, सर्लाही, रौतहट, रसुवा र कपिलवस्तु जिल्लामा हात्तीपाइलेविरुद्धको औषधि सबैलाई खुवाउने गरी आम औषधि सेवन अभियान सञ्चालन गर्न लागिएको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्र मरासिनीले जानकारी दिएका छन्। यसअघि ती सात जिल्लामा आम औषधि सेवन अभियान सञ्चालन गरिए पनि सफल नभएपछि पुनः अभियान सञ्चालन गर्न थालेको हो। अभियान दुई हप्तासम्म सञ्चालन हुनेछ। अभियानमा यसपटक करिब ६ हजार स्वास्थ्यकर्मी र पाँच हजार आठ सय महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिने छन्।

निर्देशक डा मरासिनीका अनुसार सात जिल्लाका एक सय एक स्थानीय तहका ५० लाख ७८ हजार जनालाई हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउन थालिएको हो। दुई वर्षभन्दा बढी उमेरका सबैलाई औषधि खुवाइने उनले बताए।



गर्भवती र सात दिनसम्मका सुत्केरी, छारे रोगको समस्या भएका व्यक्ति, पहिले आम औषधि सेवन गर्दा गम्भीर समस्या देखिएका व्यक्ति तथा सिकिस्त बिरामीले सो औषधि खान नहुने निर्देशक डा मरासिनीले बताए। हात्तीपाइलेविरुद्धको आम औषधि सेवन कार्यक्रम सफल भएको उनको भनाइ छ।

हात्तीपाइले रोग मानिसलाई शारीरिकरुपमा अशक्त तथा अपाङ्ग बनाउने एक सरुवा रोग हो। यो रोग एक प्रकारको मसिनो धागो आकारको जुकाजस्तै परजीवीले गराउँछ । यो रोग सङ्क्रमित लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने र मानिसको शरीरमा यो परजीवी प्रवेश गरेको केही वर्ष पछिमात्रै रोगका लक्षण शरीरमा देखिने निर्देशक डा मरासिनीले बताए । हात्तीपाइले रोगको धैरैजस्तो सङ्क्रमण लक्षण बिनाको हुने भएकाले समुदायका अन्य व्यक्तिलाई समेत रोग सर्ने सम्भावना रहन्छ । त्यसैले हात्तीपाइले रोगबाट बच्न तथा प्रारम्भिक अवस्थामा नै पूर्णरुपमा निको हुन आम औषधि सेवन गर्न जरुरी छ।

महाशाखाका वरिष्ठ जनस्वास्थ्य अधिकृत तथा अभियानका फोकल पर्सन रामकुमार महतोले ५३ जिल्लामा समुदायस्तरमा हात्तीपाइले रोगको सङ्क्रमण रोकिएको बताए । उनका अनुसार दाङ, मोरङ, बाँके र कैलाली जिल्लामा प्रारम्भिक समुदायस्तरको सङ्क्रमण रोकिएको छ।

## तपाईंको आज


पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथुन | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |



## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका वडा नं २ मा अवस्थित जिल्लाकै सबैभन्दा पुरानो लक्ष्मी चण्डी मुरारका माध्यमिक विद्यालयले जलेश्वरमा निकालिएको विद्यार्थी भर्ना अभियानमा सहभागी विद्यार्थी । तस्बिरः रासस

# अर्थतन्त्र मिश्रित अवस्थामा छ : गभर्नर अधिकारी

काठमाण्डु । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अहिले मुलुकको अर्थव्यवस्था मिश्रित अवस्थामा रहेको बताउनुभएको छ । नेपाल राष्ट्र बैंकको ६९औँ वार्षिकोत्सवको अवसरमा यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर अधिकारीले २०८० साल समष्टिगत आर्थिक स्थितिको दृष्टिकोणले मिश्रित रहेको बताउनुभएको हो ।

"समग्र मागमा कमी आएको कारण कर्जा प्रवाहको वृद्धिदरमा सुस्तता र आर्थिक गतिविधिमा शिथिलताको अवस्था रहेता पनि यो वर्ष बाह्य क्षेत्रमा सुधार भई विदेशी विनिमय सञ्चिति सहज राख्न, मुद्रास्फीतिलाई नियन्त्रणमा राख्न, भुक्तानी प्रणालीको सुदृढीकरण र वित्तीय स्थायित्व कायम गर्न बैंक सफल रह्यो", गभर्नर अधिकारीले भन्नुभयो, "अघिल्लो आर्थिक वर्ष जस्तै चालु आवमा पनि विप्रेषण आप्रवाह उच्च रहेको छ। विप्रेषण आप्रवाह उल्लख्य बढेको तथा आयात घटकोले चालु खाता एवं शोधनान्तर बचत कायम भई तरलता व्यवस्थापन गर्न र ब्याजदरमा परेको चाप कम गर्न सहयोग पुगेको छ ।" पर्याप्त तरलता र कर्जाको घट्दो ब्याजदरका कारण आर्थिक गतिविधि बढाउने आधार सिर्जना भएको पनि गभर्नर अधिकारीले दाबी गर्नुभयो ।

थोक मूल्य र तलब तथा ज्यालादर सूचकाङ्कको वृद्धिदर न्यून रहेसँगै नेपालले दुई तिहाइभन्दा बढी आयात गर्ने मुलुक भारतमा समेत मुद्रास्फीति घट्दै गएका कारण मूल्य स्थितिमा परेको चाप क्रमशः कम हुँदै गएको उहाँको भनाइ छ । चालु आवको उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मूल्यवृद्धि दर साढे छ प्रतिशतको वञ्छित सीमाभित्रै रहने देखिएको पनि गभर्नर अधिकारीले बताउनुभयो । तथापि, रुस-युक्रेन र मध्यपूर्वका मुलुकमा जारी द्वन्द्व र केही मुलुकले खाद्यान्न निर्यातमा लगाएको प्रतिबन्धका कारण मुख्यतः इन्धन र खाद्यवस्तुको मूल्यमा उत्तारचढाव आउनसक्ने जोखिम भने कायमै रहेको उहाँले बताउनुभयो ।आर्थिक वर्ष २०८०/८१ मा समयमै रोपाइँ भएको, मौसम अनुकूल रहेको र मलको आपूर्ति सहज रहेका कारण कृषि उत्पादनको वृद्धिदर सन्तोषजनक रहने अनुमान गरिएको गभर्नर अधिकारीले उल्लेख गर्नुभयो । त्यसैगरी, करिब छ मेगावाट जलविद्युत् उत्पादन थप हुने र पर्यटन क्षेत्रमा आएको सुधारका कारण चालु वर्षमा आर्थिक वृद्धिदर औसत स्तरमा रहने उहाँको भनाइ छ । यद्यपि केही क्षेत्रमा अझै चुनौती कायम रहेको गभर्नर अधिकारीले दाबी गर्नुभयो ।

"सरकारको पुँजीगत खर्च अपेक्षित रूपमा हुन नसकिरहेको र पछिल्ला वर्ष उल्लेख्य संख्यामा वैदेशिक रोजगारी र अध्ययनको लागि युवाहरू विदेशिएकाले आन्तरिक माग भने शिथिल रहेको छ । खासगरी निर्माण, व्यापार र उत्पादनमूलक उद्योगहरू आर्थिक शिथिलताबाट बढी प्रभावित भएका छन्", उहाँले भन्नुभयो ।

आर्थिक गतिविधिमा आएको केही शिथिलताका कारण बैंकिङ प्रणालीको कर्जा असुली दबाबमा रहेको हुँदा निष्क्रिय कर्जा अनुपात केही बढेको पनि उहाँले बताउनुभयो । राष्ट्र बैंकका अनुसार गत फागुनमा बैंक तथा वित्तीय संस्थाको औसत निष्क्रिय कर्जा कूल कर्जाको तीन दशमलव ७३ प्रतिशत पुगेको छ । यद्यपि, गत फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको खुद तरल सम्पत्ति कूल निक्षेपको २९ दशमलव ४१ प्रतिशत र कुल पुँजीकोष जोखिम भारित सम्पत्तिको १२ दशमलव ४४ प्रतिशत रहेकाले नेपालका बैंक तथा वित्तीय संस्थाको वित्तीय स्थिति सुदृढ अवस्थामा नै रहेको गभर्नर अधिकारीले बताउनुभयो ।

मौद्रिक तथा वित्तीय क्षेत्र व्यवस्थापनका लागि राष्ट्र बैंक केही महत्वपूर्ण कानुन तथा कार्यविधि तर्जुमा गरी सुधारको प्रयास गरेको उहाँले बताउनुभयो । "बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को संशोधन मस्यौदा तयार गरी संशोधन प्रक्रिया अगाडि बढाइएको छ । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ मा पुनरावलोकन गर्न संशोधन मस्यौदा र सामाजिक उत्तरदायित्वसम्बन्धी कानुनको मस्यौदा नेपाल सरकारसमक्ष पेस गरिएको छ", गभर्नर अधिकारीले भन्नुभयो, "विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९; भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ र विनिमय अधिकारपत्र ऐन, २०३४ मा पुनरावलोकन गरी संशोधन मस्यौदा तर्जुमा कार्य अगाडि बढाइएको छ ।" लिज फाइनान्स, वित्तीय सम्पत्तिको पुनर्संरचना तथा धितोपत्रीकरण (सेक्यूरिटाइजेसन) सम्बन्धी कानुनको मस्यौदा तर्जुमाको क्रममा रहेको पनि उहाँले जानकारी दिनुभयो ।

त्यसैगरी, भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त संस्थाहरूको मर्जर र प्राप्तिसम्बन्धी व्यवस्थालाई थप स्पष्ट पार्न भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७७ संशोधन गरी लागू गरिएको राष्ट्र बैंकले जनाएको छ । भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति, २०७९, नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (तेस्रो संशोधनसहित) जारी गरिएको तथा नेपाल राष्ट्र बैंक विदेशी विनियम कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ मा संशोधन गरिएको छ ।

मौद्रिक क्षेत्र व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकले प्रभावकारी रुपमा काम गरिरहेको दाबी गभर्नर अधिकारीको छ । "राष्ट्र बैंकको कार्यसम्पादनलाई चुस्त, व्यवस्थित, नियम सङ्गत र अद्यावधिक बनाउन विभिन्न विनियमावली र कार्यविधि तर्जुमा एवं परिमार्जनका काम निरन्तर रूपमा भएका छन् । वित्तीय क्षेत्रको विकास, आर्थिक स्थायित्व र देशको समग्र आर्थिक विकासमा राष्ट्र बैंकको भूमिका महत्वपूर्ण छ", गभर्नर अधिकारीले भन्नुभयो ।

आर्थिक तथा मौद्रिक सूचक

नेपालको केन्द्रीय बैंकका रुपमा रहेको नेपाल राष्ट्र बैंक आजबाट स्थापनाको ६८ वर्ष पूरा गरी ६९ औँ वर्षमा प्रवेश गरेको छ । वार्षिकोत्सवका अवसरमा गभर्नर अधिकारीले मुलुकको अर्थतन्त्रसँग जोडिएका विभिन्न आर्थिक तथा मौद्रिक



सूचकहरुसमेत प्रस्तुत गर्नुभएको छ । उहाँले प्रस्तुत गर्नुभएको आर्थिक सूचकहरुको अवस्थासम्बन्धी विवरणको सम्पादित अंश :अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा अप्रिल २०२४ मा प्रकाशित वर्ल्ड इकोनोमिक आउटलुकअनुसार सन् २०२४ मा विश्व अर्थतन्त्रको वृद्धिदर तीन दशमलव प्रतिशत हुने प्रक्षेपण छ। विकसित देशहरूको अर्थतन्त्र सन् २०२३ मा एक दशमलव छ प्रतिशतले वृद्धि भएकोमा सन् २०२४ मा एक दशमलव प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ । यसैगरी, २०२३ मा चार दशमलव तीन प्रतिशतले वृद्धि भएको उदीयमान तथा विकासोन्मुख देशहरूको अर्थतन्त्र सन् २०२४ मा चार दशमलव दुई प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ । सन् २०२४ मा छिमेकी मुलुकहरू भारतको अर्थतन्त्र छ दशमलव आठ प्रतिशत र चीनको अर्थतन्त्र चार दशमलव छ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ ।

विश्वको मुद्रास्फीति सुधारोन्मुख रहेको छ । अन्तर ष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२३ मा विश्वको मुद्रास्फीति छ दशमलव आठ प्रतिशत रहेकोमा सन् २०२४ मा पाँच दशमलव नौ प्रतिशत रहने प्रक्षेपण छ। विकसित अर्थतन्त्रको औसत मुद्रास्फीति चार दशमलव छ प्रतिशत रहेकोमा सन् २०२४ मा दुई दशमलव प्रतिशत रहने प्रक्षेपण छ । यसैगरी, सन् २०२३ मा आठ दशमलव तीन प्रतिशत रहेको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको औसत मुद्रास्फीति सन् २०२४ मा आठ दशमलव तीन प्रतिशत नै रहने कोषको प्रक्षेपण छ ।आर्थिक वर्ष २०८०/८१ मा समयमै रोपाइँ भएको, मौसम अनुकूल भई समयमा वर्षा भएको र मलको आपूर्ति सहज नै रहेकोले कृषि उत्पादन बढ्ने अनुमान छ। विप्रेषण आप्रवाहमा भएको सुधारले बाह्य क्षेत्र सुदृढ भई बैंकिङ प्रणालीमा तरलता बढेको र कर्जाको ब्याजदर घटेकोले आर्थिक गतिविधि चलायमान हुनका लागि आधार सिर्जना भएको छ । पर्यटक आगमन कोभिडपूर्वको अवस्थामा पुगेको तथा विद्युत् र सिमेन्टको निर्यात बढ्दै गएको सन्दर्भमा चालु आवमा आर्थिक वृद्धिदर अघिल्लो वर्षको तुलनामा सुधार हुने देखिन्छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा धानबाली लगाइएको क्षेत्रफल शून्य दशमलव ६१ प्रतिशतले घटेता पनि धानबालीको उत्पादन चार दशमलव ३३ प्रतिशतले वृद्धि भएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आवको दोस्रो त्रयमासको आर्थिक वृद्धिदर चार प्रतिशत रहेको छ । यस अवधिमा औद्योगिक उत्पादनमा कमी आएको छ भने आवास तथा भोजन सेवा, विद्युत् तथा ग्यास क्षेत्र, यातायात तथा भण्डारण क्षेत्रको उत्पादन उल्लेख्य रूपमा बढेको छ । समग्रमा चालु आवको आर्थिक वृद्धिदर तीनदेखि चार प्रतिशतको हाराहारीमा रहन सक्ने अन्तर्राष्ट्रिय संघ संस्थाहरूको अनुमान विसं २०८० फागुन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव ४४ प्रतिशत थियो ।

गत फागुन महिनामा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ९४ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ९५ प्रतिशत रहेको छ। आव २०८०/८१ को सुरुवाती आठ महिनासम्मको औसत उपभोक्ता मुद्रास्फीति छ दशमलव ०८ प्रतिशत छ । अघिल्लो आवको सोही अवधिमा यस्तो मुद्रास्फीति सात दशमलव ९३ प्रतिशत थियो ।गत फागुन महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति तीन दशमलव ६९ प्रतिशत छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव १० प्रतिशत थियो । चालु आवको दोस्रो त्रैमासिक अवधिसम्ममा वार्षिक विन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क पाँच दशमलव ५६ प्रतिशतले बढेको छ ।महालेखा नियन्त्रक कार्यालयका अनुसार विसं २०८० चैत मसान्तसम्ममा चालु खर्च रु छ खर्ब ४४ अर्ब दुई करोड, पुँजीगत खर्च रु ९७ अर्ब ३८ करोड र वित्तीय व्यवस्थाअन्तर्गतको खर्च रु एक ६७ अर्ब ९९ करोड गरी कूल सरकारी खर्च रु नौ खर्ब नौ अर्ब ३९ करोड अर्थात् विनियोजित बजेटको ५१ दशमलव ९३ प्रतिशत रहेको छ।

गत चैत मसान्तसम्ममा नेपाल सरकारको कर राजस्व रु छ खर्ब ७१ अर्ब १२ करोड र गैरकर राजस्व रु ७६ अर्ब ९३ करोड गरी कूल राजस्व सङ्कलन नौ दशमलव चार प्रतिशतले वृद्धि भई रु सात खर्ब ४८ अर्ब चार करोड पुगेको छ ।चालु आव २०८०/८१ मा नेपाल सरकारको रु दुई खर्ब ४० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य रहेकोमा गत चैत मसान्तसम्ममा रु एक खर्ब ७६ अर्ब परिचालन भएको छ । चालु आर्थिक वर्षको आठ महिनामा कुल वस्तु निर्यातमा चार प्रतिशतले कमी आई रु एक खर्ब ६२ करोड कायम भएको छ।

चालु आर्थिक वर्षको शुरुवाती आठ महिनामा कुल वस्तु आयातमा दुई दशमलव सात प्रतिशतले कमी आई रु १० खर्ब ३० अर्ब २२ करोड पुगेको छ । यो अवधिमा कुल वस्तु व्यापार घाटामा दुई दशमलव पाँच प्रतिशतले कमी आई रु नौ खर्ब २९ अर्ब ६१ करोड कायम भएको छ ।चालु आवको दोस्रो चौमासिक अवधिसम्ममा चालु खाता रु एक खर्ब ६६ अर्ब ८७ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु ५५ अर्ब २८ करोडले घाटामा थियो । यसैगरी, समीक्षा अवधिमा शोधनान्तर स्थिति रु तीन खर्ब २७ अर्ब ५५ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ४२ अर्बले बचतमा थियो ।चालु आवको शुरुवाती आठ महिनामा विप्रेषण आप्रवाह २१ प्रतिशतले वृद्धि भई रु नौ खर्ब ६१ अर्ब २२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २५ दशमलव तीन प्रतिशतले बढको थियो ।गतवर्ष असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिती २१ दशमलव सात प्रतिशतले वृद्धि भई गत फागुन मसान्तमा रु १८ खर्ब ७२ अर्ब ८२ करोड पुगेको छ । बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितीले १४ दशमलव आठ महिनाको वस्तु आयात र १२ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

चालु आवको आठ महिनामा विस्तृत मुद्राप्रदाय सात दशमलव सात प्रतिशतले बढेको छ भने सञ्चित मुद्रा एक दशमलव सात प्रतिशतले घटेको छ । आठ महिनामा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन सात दशमलव छ प्रतिशतले वृद्धि भई गत फागुन मसान्तमा रु ६१ खर्ब ४५ अर्ब ८८ करोड पुगेको छ।

यो अवधिमा निजी क्षेत्रतर्फको कर्जा चार दशमलव दुई प्रतिशतले बढेर रु ४९ खर्ब ९६ अर्ब ५३ करोड पुगेको छ ।रासस

# प्रधानमन्त्रीसँग एडिबी उपाध्यक्षको भेट

टुडे समाचारदाता

काठमाण्डु । एसियाली विकास बैंक(एडिबी)का उपाध्यक्ष इङमिङ याङले प्रधानमन्त्री प्रचण्डसंग शिष्टाचार भेट गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार भएको भेटमा उहाँहरूबीच नेपालको आर्थिक विकासका साथै आसन्न लगानी सम्मेलनका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

सो अवसरमा प्रधानमन्त्री दाहालले लगानीका लागि नेपाल उपयुक्त गन्तव्य भएको बताउँदै भौतिक पूर्वाधार निर्माणमा एडिबीको महत्वपूर्ण लगानी रहेको बताए । उनले नेपालमा हुन गइरहेको लगानी सम्मेलनमा नेपालले प्रभावकारी एवं लगानीयोग्य आयोजनाहरु प्रस्ताव गर्ने जानकारी पनि दिएका छन् ।

"सरकारले कानुनी एवं नीतिगत सुधार गरी लगानीका लागि उपयुक्त वातावरण सिर्जना गरेको छ", प्रधानमन्त्री दाहालले भने, "यो नेपालमा लगानीको उपयुक्त अवसर हो ।"

भेटमा एडिबीका उपाध्यक्ष याङले नेपालको रणनीतिक आयोजनामा लगानी गर्न एडिबी तयार रहेको उल्लेख गर्दै आगामी दिनमा नेपालमा थप लगानी गर्ने गरी बैंकले रणनीति तय गर्ने बताए ।

भेटमा प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा रुपक सापकोटा एवं एडिबीका नेपालस्थित उच्च



अधिकारीको पनि उपस्थिति रहेको थियो ।

**चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सीका अध्यक्षसंग भेट**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग चाइना इन्टरनेसनल डेभलपमेन्ट कोअपरेसन एजेन्सी (सिआइडिसिए)का अध्यक्ष लु झाउहुईले शुक्रबार शिष्टाचार भेट गरेका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार भएको भेटमा उनीहरूबीच नेपालको आर्थिक विकासका साथै आसन्न लगानी सम्मेलनका विषयमा छलफल भएको प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा रुपक सापकोटाले जानकारी दिए ।

सो अवसरमा प्रधानमन्त्री दाहालले पछिल्लो समय नेपाल-चीनबीच भएका उच्चस्तरीय भ्रमणबाट दुई देशबीच रही आएको सम्बन्धले थप उचाइ लिँदै गएको र द्विपक्षीय सम्झौताहरूको कार्यान्वयनमा गति पैदा भएको बताए । "नेपाल र चीनबीचका थप नाकाहरु सञ्चालनमा आएका छन्, यसले सीमा क्षेत्रका जनतालाई राहत पुगेको छ", प्रधानमन्त्रीले भने, "नेपालमा हुन लागेको लगानी सम्मेलनमा पनि चिनियाँ लगानीकर्ताले चासो राखेको पाएको छु ।"

अध्यक्ष झाउहुईले चिनियाँ लगानीकर्ताले नेपालको विद्युत् प्रशारण लाइन निर्माण र टोखा-छहरे सुरुङ मार्गको सम्भाव्यता अध्ययनलगायतका क्षेत्रमा लगानी गर्न चाहेको बताएका थिए । भेटमा प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा सापकोटा, चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ, परराष्ट्र मन्त्रालयका अधिकारी एवं नेपालका लागि चिनियाँ राजदूत छेन सङलगायतका अधिकारी सहभागी थिए ।

# भारतद्वारा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण

टुडे समाचारदाता

काठमाण्डु । भारतद्वारा निर्माण गरिएको उच्च प्रभाव सामुदायिक विकास परियोजनाको शुक्रबार उद्घाटन गरिएको छ।

भारत सरकारको तीन करोड ६७ लाख आर्थिक सहयोगमा चितवनको खैरहनी नगरपालिकामा निर्माण गरिएको परियोजनाको शुक्रबार खैरहनी नगरपालिकाका प्रमुख शशीकुमार खनिया र भारतीय राजदूतावास, काठमाडौँका प्रथम सचिव अविनाशकुमार सिंहले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।



कार्यक्रममा खैरहनी नगरपालिकाका प्रमुख र परियोजना उपभोक्ता समितिका प्रतिनिधिले प्राथमिकताका क्षेत्रमा नेपाली जनताको उन्नतिका लागि भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर विकास सहयोगको प्रशंसा गरेका थिए। सो अवसरमा जनप्रतिनिधि, सरकारी अधिकारी, परियोजना उपभोक्ता समितिका प्रतिनिधि र समाजसेवीको उपस्थिति रहेको यहाँस्थित भारतीय दूतावासले जनाएको छ।

यस परियोजनाअन्तर्गत भारत सरकारको अनुदान सहयोग स्थानीय समुदायका मानिसका लागि भनेर चितवनको खैरहनी नगरपालिकामा पर्ने ढुङ्गे खोलामा तटबन्ध र खोलाको बहावलाई नियमन गर्न एवं नियन्त्रणमा राख्न खोला किनारा वरपर बनाइने संरचनाको निर्माणमा उपयोग गरिएको थियो । भारत र नेपाल सरकारबीच भएको सम्झौताअन्तर्गत यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको हो । यो परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एक महत्वपूर्ण दृष्टान्तको रुपमा रहेको जनाइएको छ।

परियोजनाको निर्माणले खेतीयोग्य जमिनको कटान, वनफँडानी, अनियन्त्रित खोलाको बहाव, बाढीका कारण स्थानीयले बारम्बार आफ्नो थातथलो छोड्नुपर्ने बाध्यता रोकिनुका साथै नदीको गतिसँग सम्बन्धित जोखिम न्यूनीकरण गर्न र प्राकृतिक विपद् विरुद्ध जुझ्न, पूर्वतयारी गर्न र सहनशील बन्न मद्दत गर्नेछ । सन् २००३ यता भारत सरकारले नेपालका विभिन्न क्षेत्रमा पाँच सय ५१ वटाभन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाएको छ र चार सय ८९ वटा परियोजना सम्पन्न भइसकेका छन् । यीमध्ये बागमती प्रदेशका विभिन्न क्षेत्रमा एक सय छ वटा परियोजना रहेका छन् जसमा नौ परियोजना चितवनमा छन् ।


# देशभर कक्षा १२ को परीक्षा शान्तिपूर्ण रूपमा हुँदै

टुडे समाचारदाता

काठमाण्डु । देशभर शुक्रबार बिहान ८ बजेदेखि एकैसाथ कक्षा १२ को परीक्षा सुरु भएको छ। राष्ट्रिय परीक्षा बोर्डले ७७ जिल्लाका एक हजार पाँच सय २५ परीक्षा केन्द्रमा सञ्चालन गरेको परीक्षा बिहान ८ बजेदेखि शान्तिपूर्ण रूपमा सुरु भएको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिएका छन् ।

बोर्डले देशभर एक हजार पाँच सय २५ र देशबाहिर जापानमा एक गरी कुल एक हजार पाँच सय २६ परीक्षा केन्द्रमा निर्धारण गरेको थियो । जापानको परीक्षा केन्द्रमा पनि इमेलबाट प्रश्नपत्र पठाएर परीक्षा सञ्चालन भएको छ ।बोर्डका अध्यक्ष डा शर्माले भने, "कक्षा १२ को परीक्षा आज बिहान ८ बजेदेखि देशभर एकैसाथ शान्तिपूर्ण रूपमा सुरु भएको छ । विद्यार्थी उत्साहका साथ परीक्षामा सहभागी भएको जानकारी पाएका छौँ । "

यो वर्ष परीक्षामा नियमिततर्फ एक लाख ९६ हजार नौ सय १४ छात्रा र एक लाख ९३ हजार नौ सय ३३ छात्र गरी तीन लाख ९० हजार आठ सय ४७ परीक्षार्थी सहभागी भएका छन् । त्यस्तै ग्रेडवृद्धितर्फ एक लाख छ सय ५० विद्यार्थी सहभागी भएका छन् । देशभरका पाँच हजार पाँच सय ४२ विद्यालयका विद्यार्थी कक्षा १२ को परीक्षामा सहभागी भएका छन् ।



कुल एक हजार पाँच सय २६ परीक्षा केन्द्रमा निर्धारण गरेकामा सबैभन्दा बढी काठमाडौँमा एक सय ४४ र मनाङ, मुस्ताङमा एक-एक परीक्षा केन्द्र निर्धारण गरेको छ। परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, कर्मचारी, कार्यालय सहयोगी गरी ३४ हजार एक सय ७१ जनशक्ति र १८ हजार तीन सय प्रहरी परिचालन भएका छन् । यस वर्ष पनि प्रश्नपत्र अनलाइनबाट पठाइएको छ । इमेलबाट प्रश्नपत्र पठाउँदा 'टाइम पासवर्ड'को व्यवस्था गरेको छ ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ॥ म हारे आमा ॥

फेरिए तिमिले देखाएका बाटोहरु
र त मैले हारे
च्यातिए भविष्यका पाना
फेरिए गन्तव्यका बाटोहरु
र त मैले हारे
तिमि भन्छौ छोरो जबान छ,
जिम्मेवारीको बोझले बुढ्यायो
र त मैले हारे
शिर ठड्याउदै भन्छौ छ्न छोरा अनि छोरि,
कलिलैमा यति बोझ जिम्मेवारि थमायौ,
र त मैले हारे
भन्छौ धैर्य गर , दुस्ख नासिने छ,
तर बोझले कध्यौलि खियाइसक्यो ,,
र त मैले हारे
सपना देखेकि नै हौ , बनुन होनहार भनि
तर अफसोस हकिकत ले निद्रा लुटिगयो,
र त मैले हारे



**बिनय दाहाल काजी**

जिन्दगिको भारी बोकेमा बल्ल थाहा भयो ।
स्कुलको झोला त धेरै हलुको रै छ भनेर ॥

भनिन्छ नि ठूलो घरको छत बाट सहर देखिन्छ ।
कसैलाई के थाहा झुपडिको आगनबाट सांसार देखिन्छ ॥

जीवन त नम्रताको महान पाठ हो ।
जिवनको सार त सिधा हुन्छ, तर जिवनको मार्ग अत्यन्त घुमाउरो हुन्छ ॥

हरेक मान्छे बिक्छ याहा ।
कति सस्तो कति महगो त्यो उसको वाध्यताले तय गर्छ ।
हे स्वधी दुनियाँ मरेपछी जस्ले जलाउछ, उसलाई आफ्नो भन्न किन वाध्य गरि दिन्छा।

याहा मानिसहरु पत्थर भो कारणले पुजछन कि ।
यो दुनियाँमा विस्वास गर्ने लातक कोहि भेटिदैन ॥



**लेखक : स्मिता झा**

## ॥ नेपाल रहन देऊ ॥

गुराँसकै पुष्पसंगै,
गुलाफ र चमेलीलाई पनि फुल्न देऊ।
कोइलीको सुस्कारी सुन्दै,
डाँफेलाई संगितमै रम्न देऊ।
लडि आफ्नो अधिकार लिनु,
तर,यो मुलुकलाई नेपाल नै रहन देऊ।।
हिमाली ,पहाडी ,मधेसी आदि ,
प्यारो यो अन्तरसम्बन्ध हो।
तराई छाति,पहाड मुटु,हिमाल मस्तिष्क ,
एक प्रिय सम्बन्ध हो।
आफुले शान्तिका दाना छर्न नसके,
कम्तीमा अरुलाई छर्न देऊ।
यो मुलुकलाई नेपाल नै रहन देऊ।।
किन प्रगतिका बाटो छोडि,
अशान्तिका रङ्गमा रङ्गाएका छौ।
आफैंलाई चिन,तिमी वीर नेपाली ,
चन्द्र ,सुर्यले फहराएका छौ।
विशिष्ट छन ,सम्पदा यहाँको ,
संसारैलाई यसमा रम्न देऊ।
यो मुलुकलाई नेपाल नै रहन देऊ।
तिमी छौ कर्मठ,तिम्रो देश छ स्वर्ग,
वीर छौ तिमी ,सानले बाँच डरेर होइन ।
वीर सहिदका ती ,रगतले भन्छन ,
दाजु(भाइसंग रमेर बस,लडेर होइन ।
प्रकृतिका ती सुन्दर बहारसंगै ,
सबैलाई यसमा रम्न देऊ।
यो मुलुकलाई नेपाल नै रहन देऊ।
बुद्ध र सीता जन्मेको देश हो यो,
शान्ति र सद्भाव हाम्रो अमुलुय सपना हो।
चाहे होस मधेसी ,पहाडी ,थारु,जनजाति ,
राष्ट्रिय एकताको भावना हो।
रिति(संस्कृति ,भेषभुषा,भाषा अनेक,
यहीँ नै हाम्रो अनमोल गहना हो।
राष्ट्रियता,स्वाधीनता र नागरिकता ,
मात्रै भनेर हुदैनन ,
मुलुकसँगको अगाध माया,
हृदयरुपी बहन देऊ।
लडि आफ्नो अधिकार लिनु,
तर, यो मुलुकलाई नेपाल नै रहन देऊ।।



**साधु शरण महतो (अदित्य)**
**भंगहा न.पा. ४, रामनगर बिर्ता**

## ॥ गजल ॥

रोजगार नभएर युवा बेरोजगार बढ्दै छ
स्थानिय देखी संघिय सम्म भ्रष्टाचार बढ्दै छ
नारी ९सिता० पुजिने देशमा छोरी सुरक्षित छैन
दिन दिनै बलात्कार को समाचार बढ्दै छ ।
जनताको समस्या र देश विकास कुरा देखिदैन
देश लुट्ने एकहुँदै भ्रष्टाचारी सरकार बढ्दै छ।
कृषि प्रधान , उर्वर भूमि मेरो देश नेपाल।।
बाझो छाडी , खाडीतिर युवाहरु कतार बद्दै छ ।
दाइजो को निहुँमा दिनौ जल्दै छ छोरीहरु
महिला बाट महिलाकै हिंसा र अत्याचार बद्दै छ
लाखौ जनतालाई एक छाक खाना खान पुग्दैन।
करबाट नेता को घरमा स्कारपियो र कार बद्दै छ



**बलराम गुप्ता**
**जनकपुरधाम ११**

## ॥ जीवन ॥

आफ्नो रहरलाई मारी बाच्नु के बाच्नु ,
संघर्ष गरि जीवन जोगाउनु छ।
समय फेरिने चिज होईन साथी ,
यो जिवनलाई बहुमुल्य बनाउनु छ।
जीवन त एक चोटि पाउने हो ,
यसलाई रमाएर जिउनु छ।
दुस्ख त धेरै आउँछ जिवनमा,
संकरको जस्तै बिष सम्झेर पिउनुछ।
तिम्रो गल्तीले तिमीलाई जिवनको सार सिकाउछ,
यो जीवन त एउटा लामो यात्रा हो ।
जिन्दगीले तिमीलाई यो पाठ पढाउछ ,
यो यात्रालाई सुन्दर बनाउनु ।
बिर्सेर सबै पिरलाई अगाडि बढ्दै जानू,
समय त फर्केर आउदै न साथी ,
यो सालमा तिमीलाई नयाँ इतिहास बनाउनु छ।
असफलताले जीवनको हिस्सा बताउँछ ,
सफलताले जीवनको किस्सा बताउँछ ।संघर्ष गरि असफलतालाई हराउनु छ,
सफल भइ मलाई नयाँ इतिहास बनाउनु छ।



**लेखक : अंकित पाठक**
**शहिदनगर न.पा -०१ टोल बेमरखि**

## ॥ विद्याथी जीवन ॥

विद्याथी जीवन, नाटकको अद्भुत संग्रह,
पढाइको मजा, साथीहरूको संग।


पुस्तकको संग्रहालय, ज्ञानको खजाना,
सपना बुन्ने बेला, उडाउँछ हृदयको कमना।

घरबाट बाहिर, पढाइको यात्रा,
समयको चक्रमा, सपनाहरूको साथ।

पाठको भरपूरी, खेलको उमंग,
विद्याथी जीवन, स्वप्नको तरंग।

प्रेरणाशील शिक्षक, विश्वासी मित्रहरू,
साथ गरेर संघर्ष, उच्चताको रास्ता।

ज्ञानको दिशामा, बढ्न अवसर,
विद्याथी जीवन, सपनाहरूको संग।



**लेखक : विवेक साह**
**जनकपुरधाम ४**

## ॥ मनोरमा ॥


काँधास दुपट्टा सरकल जाइछै
मन कहइय स्पर्श कलिति
आहाँ नै सरियाउत मन कहइय छुइब लेतौ
आहाँ नै खिसियाउत मन कहइय दुगो बात बतियइति
नयन कजरारे कमाल करैय
माथक बिन्दिया धमाल करैय
ओठक लालि रसपान करैय
कानक दुगो झुम्का सवाल करैय
आहाँ हमरो के कि दोसर के
आहाँ जेहन आइग तपइछि
से हमहु बुझइछि मगर
आहाँ जौ हमरा बुझबै छि
से हम झपैछि
आहाँके सुन्दरताके वर्णन
कौना करु
आहाँके मनक पिरित हम बुझचाहइछि
हम आहाँ इहे धरति कौना के
सपनो मे आयब सौ आश रखइछि ॥



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ॥ मर्न लागेको मान्छे म ॥

मरेपछि आफन्तहरू भेटिनेछन मलाई
कृद्रतले दिएको एक थोपा आँशु बगाउन
गएपछि बन्ने छु सबैको लागि म
एकपलको अनौठो प्रश्न ।
लेख्छन लेखकहरु कथा मेरो
सम्झिएर बानी र कर्तुत
ठीकुरो आगमन र समापन तेरो
भनेर साच्चिकै भने सब ।
रितो हात हुन्छ मेरो , नकसैको साथ
असहाय हुनेछु त्यो पल , सहाय त्यो चार काँध
चितीकाको उभो फूलहरू थाप्न
को शत्रु? भेट्छु सबै आफन्त
पाउँदिन समाउन यौटा सुईंको पनि
र न आफूलाई स्वयम
गएपछि बन्नेछु सबैको लागि म
एकपल्को अनौठो प्रश्न ।
मर्ने लागेको मान्छे म ॥



**नाम : नरेन्द्र नाथ साह (रीशु)**
**ठेगाना : औरही गा. पा. -०३ कपटौल**
**अध्ययनरत : मोडेल मल्टिपल कलेज जनकपुर**
**(वाणिज्य संकाइ विद्याथी)**

## ॥ आजकाल ॥

जिन्दगी सजिलो थियो गाही भा छ आजकाल
मन कमलो थियो मेरो तर सारो भा छ आजका
अल्लारे थिए पहिले लायक भा छु रे आजकाल
अभागी थिए पहिले तर भाग्यमानी भा छु रे आजकाल
सबैको काम बिगार्ने मो सहायक भा छु रे आजकाल
सबै लाई गाली गर्ने मो संसकारी भा छु रे आजकाल
अलारे केटा मो जिम्वेवारी बोक्ने भा छु रे आजकाल
सबै बाट टाढा हुने मो करीबी भा छु रे आजकाल



**लेखक : रोहन भुजेल**
**जनकपुर ४**
**(रा.रा.ब.)बि एड फर्स्ट ऐयर २०८०**

# हलमा लाग्यो ‘बोक्सीको घर’, सुखद ओपनिङको संकेत

काठमाण्डु । अभिनयमा पारंगत मानिएकी अभिनेत्री केकी अधिकारीको निर्माण तथा अभिनय रहेको फिल्म ‘बोक्सीको घर’ले शुक्रबारबाट सार्वजनिक प्रदर्शन सुरु गरेको छाबलिउडको ‘रुस्लान’बाहेक अरु ठूला विदेशी फिल्म नहुँदा मल्टीप्लेक्सहरुमा उच्च शोज पाएको फिल्मले सुखद ओपनिङको संकेत गरेको छ। क्यूएफएक्स चेनसहित काठमाडौंका केही मल्टीप्लेक्समा फिल्मको बुकिङ राम्रो देखिएको छ ।

ट्रेलर र ‘बुझिनँ मैले’ गीतका कारण चर्चामा रहेको फिल्मले बुधबार साँझ काठमाडौंमा आयोजना गरिएको प्रिमियरमा सकारात्मक प्रतिक्रिया पाएको थियो । प्रिमियरमा फिल्म हेर्ने धेरैजसोले आफ्नो सामाजिक सञ्जालमा समेत प्रशंसाको शब्द कोरेका छन् । यसकोप्रभावव्यापारमा देखिन सक्ने प्रक्षेपण गरिएको छ । ‘बुझिनँ मैले’गीतको लोकप्रियताको फाइदा पनि फिल्मलाई हुनसक्छ ।

फिल्ममा अभिनेत्री केकी अधिकारी र बाल कलाकार सुपला सापकोटा केन्द्रीय भूमिकामा छन् । सुपलाले केकीको बाल्यकालको भूमिका निभाएकी छन् । प्रिमियरमा उनको अभिनयको तारिफ भएको थियो । केकीले भने कथित बोक्सीको भूमिकामा अभिनय गरेकी छन् । उनले चरित्र निर्माणमा गरेको मिहिनेत पर्दामा देखिन्छ । फिल्मलाई सुलक्षण भारतीले निर्देशन गरेका हुन् ।

केकी र सुपलासहित रमा थपलिया, श्वेच्छा राउत, सुष्मा निरौला, सबिन बास्तोला लगायतको अभिनय रहेको फिल्ममा बद्री अधिकारी निर्माता तथा राज घिमिरे कार्यकारी निर्मातामा छन् । फिल्ममा निर्देशक भारती स्वयंको लेखन छ भने उनले केकीको श्रीमानको भूमिकामा समेत अभिनय गरेका छन् । करिब ८ वर्ष अगाडि मण्डला थिएटरमा मञ्चन भएको नाटक ‘बोक्सीको घर’मा आधारित भएर फिल्म बनेको हो । फिल्मीखबर



# ‘पूर्ण बहादुरको सारङ्गी’मा भित्रिए प्रकाश

काठमाण्डु । गायक प्रकाश सपूतले फिल्म अभिनयलाई निरन्तरता दिने भएका छन् । अघिल्लो वर्ष उनको डेब्यु फिल्म ‘परदेशी २’ रिलिज भएको थियो, जुन व्यावसायिक रुपमा सफल पनि भयो । अब उनले दोस्रो फिल्मको रुपमा ‘पूर्ण बहादुरको सारङ्गी’मा काम गर्ने भएका छन् । शुक्रबार निर्माण टिमले फिल्ममा उनी कलाकारको रुपमा अनुबन्धित भएको जानकारी गराएको छ ।

सरोज पौडेलको निर्देशनमा बन्न लागेको फिल्मको केही दिनअघि मोसन पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको थियो । जसमा अभिनेता विजय बरालले ‘भ्वाइस ओभर’ दिएका थिए । फिल्ममा उनको पनि मुख्य भूमिकामा रहने जानकारी प्राप्त छ । आगामी जेठ दोस्रो साताबाट फिल्मको छायांकन सुरु गरिँदैछ ।

सेभेन सिज इन्टरटेनमेन्टले निर्माण गर्न लागेको फिल्ममा निर्देशक पौडेल स्वयंको लेखन छ । २०८२ सालमा विश्वभर प्रदर्शनको तयारी गरिएको फिल्ममा विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माताको रुपमा छन् । रमेश चौलागाईं र हरि श्रेष्ठ कार्यकारी निर्माता हुन् । प्रशान्त सिवाकोटीको संगीत रहने फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ ।

फिल्मले गहन विषयलाई उठान गर्न लागेको निर्माता पौडेलले जानकारी दिएका छन् । मोसन पोस्टरमा बाबु-छोराबीचको गन्थनमन्थन देखाइएको थियो । जहाँ बाबुले छोराका लागि देखेको सपना गीत र संवादमार्फत् व्यक्त थियो । बाबुको भूमिकामा विजय बराल देखिने जनाइएको छ । फिल्मीखबर

# ‘दान्भी’ले मैदान छाडेको हो ?

काठमाण्डु । आगामी जेठ १० गते बक्स अफिसमा ठूलो टकराव हुँदैछ । बुद्ध जयन्तीको सार्वजनिक विदा छाप्न तीन फिल्म ‘पूजार सार्की’, ‘फर्की फर्की’ र ‘दान्भी’ले एउटै मिति रोजेका छन् । र, यी तीनवटै फिल्ममा स्टार कलाकार छन् । ‘पूजार सार्की’मा आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहको अभिनय रहेको छ भने ‘फर्की फर्की’मा अनमोल केसी छन् । ‘दान्भी’मा पूजा शर्मा केन्द्रीय भूमिकामा छिन् ।



तीन फिल्ममध्ये ‘पूजार सार्की’ र ‘फर्की फर्की’ले प्रचारलाई चुस्त बनाएका छन् । ‘दान्भी’को टिम भने मौन देखिएको छ । रिलिजका लागि एक महिना पनि बाँकी नहुँदा फिल्मको पोस्टरबाहेक अरु सामाग्री सार्वजनिक गरिएको छैन । न त प्रचारमै कलाकार हिँडेका छन् । पूजा नै यतिबेला सर्लाहीमा ‘रावायण’को छायांकनमा व्यस्त छिन् । जसले गर्दा ‘दान्भी’ले मैदान छाडेको चर्चा चलिरहेको छ ।

खासमा ‘फर्की फर्की’सँग भिड्ने गरी फिल्मको प्रदर्शन मिति घोषणा गरिएको थियो । यसको पछाडि पूजा र अनमोलबीचको टसल मुख्य कारण हो । अनमोलले पूजाको एउटा फिल्म सम्झौता गरेर पछि छाडेका थिए । त्यही प्रतिशोध साँध्न पूजाको दबाबमा ‘फर्की फर्की’सँग ‘दान्भी’ भिडाउने रणनीति बनेको थियो । पछि जेठ १० मै ‘पूजार सार्की’ आउने भएपछि समीकरण बदलिएको मानिन्छ ।

पूजाले यतिबेला पलसँग ‘रावायण’मा काम गरिरहेकी छन् । सम्भवतः दशैंपछि प्रदीपसँग निर्देशक सुदर्शन थापाको एउटा फिल्ममा पनि काम गर्दैछिन् ।

यसैले पूजाले आफ्नै हिरोसँग भिड्न इच्छा नदेखाएपछि ‘दान्भी’ पोस्टपोन्ड गरिएको चर्चा छ । यद्यपि, यसको पुष्टि भइसकेको छैन । तत्काल नहोला पनि । किनकि, भिडन्तको चर्चाले फिल्मको सित्तैमा प्रचार भैरहेको छ । अरु के चाहियो र ! फिल्मीखबर

# प्रेस स्वतन्त्रताको अभावमा राजनीतिक स्वतन्त्रता प्राप्त नहुने : सञ्चारमन्त्री



ललितपुर ।सञ्चार, सूचना तथा प्रविधिमन्त्री रेखा शर्माले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको अभावमा राजनीतिक स्वतन्त्रता प्राप्त हुन नसक्ने बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ ललितपुर शाखाको १४औँ अधिवेशन तथा वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री शर्माले प्रेस स्वतन्त्रता राजनीतिक स्वतन्त्रतासँग जोडिएको उल्लेख गर्दै अभिव्यक्ति स्वतन्त्रताको अभावमा राजनीतिक स्वतन्त्रता प्राप्त हुन सक्दैन भन्नुभयो । "सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा समावेशीताका आधारमा सबैको भावनालाई आत्मसात् गर्दै जानुपर्छ । यसका लागि प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता महत्वपूर्ण छ", उहाँले भन्नुभयो।

मन्त्री शर्माले प्रविधिमा आएको परिवर्तनलाई स्वीकार गर्दै निष्पक्ष पत्रकारिताको अभ्यासलाई स्थापित गर्न सबैले ध्यान दिनुपर्नेमा जोड दिनुभयो। प्रविधिसँगै आएको परिवर्तनलाई आत्मसात् गर्दै पुराना कानुनलाई परिमार्जन गर्न आवश्यक रहेको उल्लेख गर्दै उहाँले प्रक्रियागत ढिलाइका बाबजुद पनि मिडिया काउन्सिल विधेयक र आमसञ्चार विधेयक संसद्मा पेस गर्ने तयारी भइरहेको बताउनुभयो।

नेपालको विज्ञापन बजारमा भएको अनियमितता, साइबर सुरक्षा र सामाजिक सञ्जालसम्बन्धी कानुन संसद्मा लैजाने तयारी भइरहेको मन्त्री शर्माले बताउनुभयो। नीतिगत विषय समाधान गरेपछि समस्याको दिगो समाधान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । मन्त्री शर्माले संविधानमा भएको त्रुटिलाई सच्याएर व्यवस्था परिवर्तनबाट अवस्था परिवर्तन गराउनमा मिडियाको भूमिका महत्वपूर्ण हुने भन्दै संविधानको व्यवहारिक कार्यान्वयन गर्दै कानुनी कुरा स्थापित गर्न मिडियाको व्यापक अभियान आवश्यक रहेको बताउनुभयो।

"संवैधानिक रुपमा वंशको अधिकार छोरीलाई भनिए पनि व्यवहारमा लागू हुन सकेको छैन । अझै पनि जिल्ला प्रशासन कार्यालयबाट आमाको नामबाट नागरिकता लिन कठिनाइ भइरहेकाले यसका लागि मिडियाले कमजोरी उजागर गर्दै सहज बनाउन सहयोग गर्नुपर्छ", मन्त्री शर्माले भन्नुभयो।

अहिलेको व्यवस्था र आन्दोलनप्रतिको नकारात्मक धारणाको विकास भइरहेको उल्लेख गर्दै मन्त्री शर्माले सकारात्मक धारणाको विकास गर्दै प्रशासनिक सुधारमा कलम चलाउन सञ्चारकर्मीहरुलाई आग्रह गर्नुभयो। "व्यवस्थामा सञ्चालकले गरेको गल्तीलाई व्यवस्था कै गल्तीकै रुपमा लिन हुँदैन । गल्ती गर्ने ढिलोचाँडो कानुनी दायरमा आउँछ। व्यवस्थालाई उपयोग गरेर भएको व्यक्तिको बदमासीको उजागर गरौँ । तर व्यवस्थालाई भारी बोकाएर खराब बनाउने काम नगरौँ", मन्त्री शर्माले भन्नुभयो।

लोकतान्त्रिक छापा माध्यम राष्ट्रिय सञ्जालका अध्यक्ष दामोदरप्रसाद दवाडीले पत्रकार महासङ्घको सदस्यता शुद्धीकरणमा क्रियाशील पत्रकारको सदस्यता छुट्नु, विधान बमोजिम सदस्यको नामावली आएको ६ महिनापछि मात्रै अधिवेशन हुने व्यवस्था महासङ्घले लागू गर्न नसकेको आरोप लगाउनुभयो। कार्यक्रममा नेपाल पत्रकार महासङ्घ उपत्यका प्रदेश समितिका अध्यक्ष श्रीजन झा, ललितपुर शाखाका अध्यक्ष सागर न्यौपानेलगायतले पत्रकारितालाई व्यवस्थित गराउनु आवश्यक रहेको धारणा राख्नुभएको थियो। रासस

# अर्थमन्त्री पुनको उपस्थितिमा नेपाल र चीनबीच दुई सम्झौतामा हस्ताक्षर



काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनको उपस्थितिमा नेपाल र चीनबीच दुई महत्वपूर्ण सम्झौतामा हस्ताक्षर भएको छ। अर्थ मन्त्रालयमा शुक्रबार आयोजित एक समारोहबीच उक्त सम्झौतामा हस्ताक्षर भएको हो।

सम्झौतामा अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासिनी र स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेल तथा चीनका तर्फबाट चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग संस्था (चाइना इन्टरनेशनल डेभलेपमेन्ट को-अपरेशन एजेन्सी) का प्रमुख लियु झाओ हुईले हस्ताक्षर गर्नुभयो। उक्त संस्थाले चीनको वैदेशिक सहायताको रणनीति मापदण्ड बनाउने, सोसम्बन्धी नीति र योजना बनाउने तथा वैदेशिक सहायतासम्बन्धी सुधारका एजेण्डामा काम गर्दै आएको छ । अर्थ मन्त्रालयसँग विश्वव्यापी विकास प्रयासका लागि मानव संशोधन विकास सहयोगसम्बन्धी र स्वास्थ्य मन्त्रालयसँग बोनम्यारो प्रत्यारोपणसम्बन्धी सम्झौता भएको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को गत असोजमा भएको चीन भ्रमणका क्रममा चीनले नेपालमा बोनम्यारो प्रत्यारोपण सेवा सुरु गर्न सहयोग गर्ने प्रतिबद्धता जनाएको थियो । सम्झौताअनुसार चीनले बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण सेवा सञ्चालनका लागि सहयोग गर्नेछ। त्यसका लागि संरचना निर्माणदेखि चिकित्सकलाई सैद्धान्तिक र प्राविधिक तालिमसम्मका लागि चीनले आर्थिक सहायता उपलब्ध गराउने सहमतिमा उल्लेख छ।

कार्यक्रममा अर्थमन्त्री पुनले नेपालको विकासमा निरन्तर सहयोग गर्दै आएकामा चीनलाई धन्यवाद दिनुभयो । नेपाल र चीनबीच गहिरो, विविधतापूर्ण र निरन्तर दिगो सम्बन्ध रहेको चर्चा गर्दै मन्त्री पुनले एकअर्काका आकाङ्क्षा एवं संवेदनशीलतालाई सम्मान गर्दै इमान्दारिताका साथ आपसी सहयोग र मित्रता अगाडि बढाउँदै आएको उल्लेख गर्नुभयो । उहाँले राष्ट्रपति सी जिन फिङले पाँच वर्षअघि गरेको नेपाल भ्रमण तथा आफ्ना प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को गत असोजमा गरेको चीन भ्रमणले द्विपक्षीय सम्बन्धलाई उचाईमा पुऱ्याएको बताउनुभयो । उहाँले ती दुवै उच्चस्तरीय भ्रमणमा भएका द्विपक्षीय सम्झौतामध्ये कार्यान्यवन हुन बाँकी भएकाको कार्यान्वयनमा जोड दिनुभयो।

चीनले पछिल्लो समय हासिल गरेको विकास लोभलाग्दो र प्रशंसनीय रहेको र नेपालमा पनि विकासको सोही गति समाउन चाहेको उहाँको भनाइ थियो। विश्वमै वैदेशिक लगानी गर्ने मुलुकमा चीन अग्रस्थानमा रहेको र नेपालमा पनि लगानी आउन थालेको भन्दै उहाँले आगामी दिनमा सहायता र लगानी बढाउन आग्रह गर्नुभयो । चीनले नेपालप्रति राखेको विश्वासको सधैँ कदर गर्ने मन्त्री पुनले बताउनुभयो। चिनियाँ प्रतिनिमिण्डलको नेतृत्व गरेका लियु झाओ हुईले नेपाल चीनको असल मित्र रहेको भन्दै नेपालको विकासमा सधैँ साथ रहेको बताउनुभयो।

राष्ट्रपति सी को नेपाल भ्रमण र प्रधानमन्त्री दाहालको चीन भ्रमणका क्रममा भएका सहमतिका प्रत्येक विषय एक एक गर्दै पालना गर्दै जाने प्रतिबद्धता उहाँले जनाउनुभयो । उहाँले आफूहरु तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलनको सिलसिलामा नेपाल आएको प्रसङ्ग उल्लेख गर्दै नेपालमा चिनियाँ लगानी आउने बताउनुभयो ।रासस

# जनताको आवश्यकता पुरा गर्न राजनीतिक दल संवेदनशिल हुनुपर्छ : सांसद गौतम

> भ्रष्टाचार पुरानो रोग हो । भ्रष्टाचार न्यूनिकरण गर्ने निरन्तर उठाइएकाले नहोस भन्ने चाहन्छौँ । भ्रष्टाचारको पनि स्वरुप परिवर्तन भइरहने कारणले पनि न्यूनीकरणमा चुनौति देखिन्छ । राष्ट्र र जनताप्रति जवाफदेही हुने हो भने स्वत: न्यूनिकरण हुन सहयोग पुग्छ ।



काठमाण्डु । राजनीतिक परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका चरणबद्ध आन्दोलनले मुलुकलाई समाजवादतर्फ उन्मुख हुने उहिल्यै स्पष्ट गति दिनुपर्नेमा अहिलेसम्म पनि अभ्यासकै चरणमा छौँ । संविधान र सङ्घीयता कार्यान्वयनसँग जोडिएका आवश्यक कानुन निर्माण र तर्जुमा भएका ऐन कार्यान्वयनमा लैजान सकिएको छैन। एक दलले अर्कोलाई दोषारोपण गर्ने गरे पनि कहाँ र कुन तहबाट कमी कमजोरी भएको छ भनी विश्लेषण गर्नु पर्छ।

राजनीतिक स्थायित्व नहुँदा सरकार र प्रतिपक्ष पनि स्थिर हुन सकेनन् । जवाफदेहीताको प्रश्न सधैँ उठिरह्यो । सरकार निरन्तर परिवर्तन हुँदा अघिल्लो सरकारले गरेको असल अभ्यासलाई राजनीतिक पूर्वाग्रहबाट प्रेरित भई निरन्तरता नदिनेजस्ता घटना भइ नै रहे। कानून बनाउन नसक्नुमा सरकार स्थिर नहुनु पनि प्रमुख कारण हो । यसबीचमा पनि इमान्दार भएर काम गर्न सकिएको भए केही न केही उपलब्धि हाँसिल गर्न सकिन्थ्यो । केही नै नभएको पनि होइन । राष्ट्रियसभालाई माथिल्लोसभा भनिए पनि तुलनात्मक रुपमामा प्रतिनिधिसभालाई नै बढी महत्व दिइएको छ।

कानून बनाउने सवालमा पनि अधिकांश विधेयक सरकारले प्रतिनिधिसभाबाटै प्रवेश गराउने अभ्यास छ। तथापी, परिपक्व र दक्ष व्यक्ति रहने प्रबुद्ध समूहको सभा रहेकाले राष्ट्रियसभाले प्रतिनिधिसभाबाट पठाइएका विधेयकमा रहेका कमिकमजोरीलाई विभिन्न कोणबाट केलाएर तथा विश्लेषण गरी गुणस्तरीय तुल्याउने काम गर्दैआएको छ। तर प्रतिनिधिसभाको तुलनामा राष्ट्रियसभा दलहरुबीच समन्वय, सहकार्य र सहमति कायम गरी अघि बढिरहेको छ। जनताबाट प्रत्यक्ष निर्वाचित भएर आएकाले राष्ट्रियसभाभन्दा प्रतिनिधिसभामा अली बढी जनसरोकारका मुद्दा उठाइने र उठ्ने गरेका पाइन्छन्।

दलीय विरोध र अवरोध पनि त्यही बढी हुन्छ । राष्ट्रियसभामा पनि दलीय आधारमा प्रतिनिधित्व रहने भएकाले मुलुकका जल्दाबल्दा विषयमा समान सरोकार र धारणा हुन सक्छ। तर तुलनात्मकरुपमा राष्ट्रियसभामा संयमता अपनाइन्छ। नारा र जुलुस हुन्न । सरसल्लाह र समझदारीपूर्ण ढङ्गबाट विषयबस्तुलाई अघि बढाइन्छ । माथिल्लो सदनले विषय विज्ञता नै खोज्दो रहेछ । मुलुकलाई समाजवादमा कसरी लैजाने भन्ने विषयमा लामो समय राजनीतिक अभ्यास गरेका व्यक्ति भएकाले राष्ट्रियसभा त्यसमा प्रष्ट छ।

कानून कस्तो बनाउने, कार्यान्वयन कसरी गर्ने, इमान्दारीता के कसरी पालना गर्ने, देशको आवश्यकता, विभिन्न जातजाती, समुदाय तथा स्वास्थ्य र शिक्षाको अवस्था के छ भन्नेमा हामी जानकार नै छौँ । तर देशमा पूरा अवधि चल्ने दीगो सरकार नभएकाले गर्नुपर्ने भनेर पहिचान भएका विषयवस्तु समेत कार्यान्वयनमा जान सकेका छैनन्।

देशमा स्थायी सरकार नभएपछि कर्मचारीतन्त्रबाट पनि सक्रियाताकासाथ कार्यसम्पादनको नतिजा राम्रो हुन सकेको छैन । अब यो बीचमा पनि सवै इमान्दार हुने, बेइमानी कसैले कही नगर्ने, व्यक्तिगत स्वार्थबाट मुक्त भई राष्ट्रलाई कसरी समृद्ध बनाउन सकिन्छ भनेर गम्भिर हुनुपर्छ। यसका लागि अब ढिला भइसकेको छ। कार्यजिम्मेवारी धेरै बाँकी छन्। यद्यपी एमालेले नेतृत्व गरेको सरकारका पालमा धेरै राष्ट्रिय गौरवका आयोजना, सुकुम्बासी समस्या समाधान र स्वास्थ्य क्षेत्रको विकास तथा विस्तार गर्नेलगायत कामको थालनी भयो।

कुनै कुरामा कसले जस लिनेभन्दा पनि कसरी देशलाई समृद्ध बनाउने भन्नेमा केन्द्रित हुनुपर्छ । राजनीतिक दल विशेषको कार्यनीति, रणनीति, नारा र कार्यक्रम बेग्ला-बेग्लै तथा पुग्ने बाटो पनि फरक भए पनि गन्तव्य एउटै हो । त्यसका लागि आ-आफनो डम्फु बजाउने गरिन्छ । त्यसैले अहिले समाजवाद प्राप्तिको गन्तव्य सवै दलको साझा लक्ष्य बनेको छ। राष्ट्र र जनताका लागि सरकार तथ सवै राजनीतिक दल एकढिक्का र एउटै बुझाईका साथ अघि बढ्नुपर्छ । तर यहाँ समस्या भनेको जस प्राप्त गर्ने विषयमा देखिन्छ। कसको पालामा कसले भन्ने हानाथाप छ । तथापी सवै दल र सरकारले सोचिरहेका छन् कि हामी भन्दा पछाडी लोकतन्त्र प्राप्त गरेका मुलुकको तुलनामा विकासमा पछाडी परियो भनेर। हाम्रो विकासको गति कछुवाको जस्तो छ। यो अवस्थामा सवैले व्यक्तिगत स्वार्थ छाडेर जनता र देशको हितका लागि गर्नुपर्छ । त्यो नगरी हामीलाई सुख छैन।

भ्रष्टाचार पुरानो रोग हो । भ्रष्टाचार न्यूनिकरण गर्ने निरन्तर उठाइएकाले नहोस भन्ने चाहन्छौँ । भ्रष्टाचारको पनि स्वरुप परिवर्तन भइरहने कारणले पनि न्यूनीकरणमा चुनौति देखिन्छ । राष्ट्र र जनताप्रति जवाफदेही हुने हो भने स्वतः न्यूनिकरण हुन सहयोग पुग्छ । व्यक्तिगत स्वार्थबाट माथि उठेर आफनो जिम्मेवारी र कर्तव्यप्रति इमान्दार हुन सकेमात्र पनि भ्रष्टाचार केही हदसम्म न्यूनिकरण हुन सक्छ।

वरपर फोहोर छ । तर तपाईले आफनो मात्र घर सफा गरेर निरोगी बन्न सक्नुहुन्न । सबै जनाले यसमा प्रतिबद्धता जाहेर र संकल्प गर्नुपर्छ । तर भ्रष्टाचार आन्तरिक रुपमा मौलाउँदै जानु दुःखद हो। विभिन्न स्वार्थ समूहको मिलेमतोमा भुटानी शरनार्थी प्रकरण, अवैध सुन तस्करी प्रकरण र ललितानिवास जग्गा प्रकरण लगायत प्रकरणहरु भइरहेका छन्।

हाम्रो गन्तव्य र आवश्यकतालाई भन्दा पनि आफनै व्यक्तिगत स्वार्थका कारण देशको समृद्धि अपेक्षित रुपमा हुन सकिरहेको छैन । बिचौलिया प्रवृत्तिले पनि हरेक व्यक्तिलाई विभिन्न लोभ, लालच र स्वार्थ देखाएर आफनो अनुकुल काम गराइरहेका छन् । पछिल्लो समय राजनीतिज्ञमा समर्पण र त्यागको भावना कम हुँदै गएको जनताले अनुभुति गर्दैछन्। जीवन समर्पण गरेर इमान्दार भएरै आएकाहरु पनि सत्ता स्वार्थको आकर्षणमा कतिपय नेतृत्व लोभिदै गएको अवस्था छ । सत्ताबाट प्राप्त हुने सेवा सुविधाको आकर्षणले लोभिदै गए र त्यसबाट अन्यौलता छाएको छ।

हिजोका त्यागहरु अहिले अलमलमा परिरहेका हुन्छन् । हिजो जनतासँग गरेको प्रतिबद्धतामा टिक्न सक्नुपर्छ । समाजवाद कसरी स्थापित गर्न सकिन्छ भन्नेमा हामी स्पष्ट छौँ। समाजबाट सामन्तवादको अन्त्य हामीले गर्‍यौं तर त्यसका अवशेष अझै बाँकी छन्। सामन्तवाद भनेका हामीसँग भएका हाम्रा स्वभाव पनि हुन्। हामीले समाजवादी चरित्र र समाज बनाउन सकेका छौँ वा छैनौँ भन्ने प्रश्न आफैलाई पनि सोध्न आवश्यक छ।

देशभित्र रोजगार र स्वरोजगारको कमीले युवा जनशक्ति विदेश पलायन भइरहेका छन् । भएको रोजगारीबाट पनि पारिश्रमिक सन्तोषजनक छैन। अर्कातर्फ विश्वव्यापिकरणको प्रभावले सुविधाको लोभमा विदेशीनेको संख्या बढेको छ। मुलुकले दिन नसकेको सेवा सुविधा विदेशमा पाउने भएपछि पलायन हुनेको संख्या बढेको हो । त्यसैले सबै राजनीतिक पार्टी संवेदनशिल बन्नुपर्छ । जनताको आवश्यकता पूरा गर्ने हामी नै हौ।

देशभित्रै प्रचुर सम्भावना छन्। युवापुस्ताले पनि त्यस्ता सम्भावनालाई पकड्न सक्नुपर्छ । राज्यले सोही अनुसारको योजनाबद्ध ढङ्गले सोच्नुपर्छ। विश्वमा छिटो विकास गर्न सम्भव भएका मुलुकबाट हामीले पनि सिक्दै अघि बढ्नुपर्छ । देशभित्रको उत्पादनमा जोड दिनुपर्छ। वास्तवमा हाम्रो देश स्वर्ग जस्तो छ। यहाँ उर्वर जमिन, जल र जङ्गल छ। साधन र स्रोतले सम्पन्न छ। यसको सही ढङ्गले सदुपयोग हुनुपर्छ। विदेश गएर पनि युवा सुरक्षित छैनन्।

अब उद्योग प्रवर्द्धन र कृषिको आधुनिकीकरणमा जोड दिनुपर्छ । व्यवस्थित सहरीकरण हुन सकेको छैन। खेतियोग्य उर्वर जमिनमा बस्ती बसेको छ । गाँउघरका जग्गा उजाड बनेका छन्। गाँउघर रित्तिँदै जाँदा घरमा ताल्चा लागेको छ । आगनमा झार उम्रेको छ । कृषि क्षेत्रमा आकर्षण बढाउन बेलैमा व्यवस्थित र वैज्ञानिक तरिका अपनाउनु पर्छ। कृषिलाई पेशाको रुपमा विकास गरिनुपर्छ। सरकारले कृषकलाई समयमा मल, बिरुवा र सिँचाइ उपलब्ध गराउनुपर्छ। उत्पादनसँगै बजार र मूल्यको व्यवस्थापन गर्न सक्नुपर्छ।

विसं २०३० देखि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले)बाट राजनीतिमा प्रवेश गर्नुभएकी राष्ट्रियसभा सदस्य इन्दिरादेवी गौतम अखिल नेपाल महिला सङ्घको सुनसरी जिल्ला समिति सदस्यदेखि केन्द्रीय कमिटी सदस्यसम्म हुनुभयो। विसं २०४६ मा पार्टी इलाका कमिटीको जिम्मेवारीमा रहनुभएकी उहाँले जिल्ला, अञ्चल र केन्द्रीय सल्लाहकार परिषद्मा रही जिम्मेवारी सम्हाल्नुभयो। नेतृ गौतम हाल राष्ट्रियसभा विकास, आर्थिक मामिला तथा पूर्वाधार समितिको सदस्य हुनुहुन्छ ।रासस

# आगलागी पीडितलाई राहत प्राथमिकतामा रहेको गृहमन्त्रीको भनाई

**टुडे समाचारदाता**



काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले आगलगी पीडितको राहत वितरण सरकारको प्राथमिकतामा रहेको बताएका छन् । गृह मन्त्रालयमा शुक्रबार आयोजित 'वन, डढेलो तथा आगलागी हालको अवस्था, जोखिम र तत्कालका प्राथमिकता' विषयक छलफल कार्यक्रममा उनले राहतमा कुनै ढिलाइ नहोस् भन्ने नै सरकारको प्राथमिकता रहेको बताउका हुन्।

गृहमन्त्री लामिछानेले भने, "आपतका बेला सरकार दुई-चार सय नागरिकलाई खुवाउनै नसक्ने अवस्थाको होइन। राहतको कुरा गर्दा स्रोत जुटाउनमा कुनै ढिलाइ गरेका छैनौँ । स्रोत परिचालन गरेका छौँ।" विपत्को अनुमान गर्न नसकिए पनि अग्रिम तयारी भने गर्न सकिने उल्लेख गर्दै उनले भने, "प्राप्त जानकारीका आधारमा सतर्क रहन सकिन्छ, जसले गर्दा जनधनको क्षति कम हुन्छ। गत वर्षको गल्तीलाई नदोहोऱ्याउने गरी तयारी गर्न जरुरी छ।"

साताको एक पटक विद्यालयमा यस विषयमा रहेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा गृहमन्त्री लामिछानेले जोड दिएका छन् । उनले भने, "स्थानीय सरकारसँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नुपर्छ । जनचेतनाका कुरामा हामी चुक्न पुगेका छौँ । अझै पर्याप्त मात्रामा पुग्न सकेका छैनौँ। जनचेतनाको तरिका फेर्नुपर्छ।"

दमकलको क्षमता बढाउनुपर्ने गृहमन्त्री लामिछानेको भनाइ थियो। उनले भने, "सरकारले २२ तलासम्म भवन बनाउने अनुमति दिएको छ । तर त्यति माथिसम्म दमकलको क्षमताले भ्याउँछ कि भ्याउँदैन ? यसका लागि स्रोत बढाउनुपर्ने देखिन्छ। सुरक्षा निकायका अस्पतालमा जलन वार्ड विस्तार गर्नुपर्छ।"

गृहमन्त्रालयअन्तर्गतको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकाअनुसार पछिल्लो २४ घण्टामा ४६ स्थानमा डढेलो, ४३ स्थानमा आगलागी हुनुका साथै जलेर एक जनाको मृत्यु भएको छ।

# ए समाजवादीले सुझाव दस्तावेजमा समावेश गर्ने

**टुडे समाचारदाता**



काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)ले राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजलाई साझा बनाउन तल्लो तहको सुझाव समावेश गर्ने भएको छ। पार्टीले मातहतका सात प्रदेश सम्पर्क कमिटी र ७४ जिल्ला सम्पर्क मञ्चसँग राय तथा सुझाव मागेको छ।

आगामी जेठ मसान्तभित्र मातहतका सबै सम्पर्क कमिटीमा दस्तावेजबारे विस्तृत छलफल गरी केन्द्रमा राय, सुझाव बुझाउन समयसीमा निर्धारण गरिएको सो पार्टीले जनाएको छ । तल्लो तहदेखि आएको सुझाव समावेश गरी साझा प्रतिवेदन निर्माण गर्न दस्तावेजलाई परिस्कृत र परिमार्जित गरिने छ।

आगामी असार १६ देखि २० गतेसम्म काठमाडौँमा हुने १० औँ राष्ट्रिय महाधिवेशनका लागि असार १ गतेदेखि प्रतिनिधि चयन गर्न लागेको पार्टी सचिव मेटमणि चौधरीले जानकारी दिएका छन् । पार्टीले मातहतका केन्द्रीय निकाय, प्रदेश कमिटी, जिल्ला कमिटीले सम्बन्धित प्रतिनिधिको नामवली आगामी जेठ दोस्रो सातासम्म सिफारिस गरी केन्द्रमा पठाउने छन्।

पार्टी मातहत कमिटीले पठाएको नामावलीका आधारमा प्रतिनिधि छनोट गरिने छ। पार्टी सदस्यता प्रमाणीकरणपछि उनीहरू मतदाता तथा उम्मेदवार बन्न पाउने छन् । सबै कमिटीले सम्बन्धित नेताको सङ्गठनमा गरेको योगदान तथा कार्यसम्पादनको मूल्याङ्कनका आधारमा प्रतिनिधिको सिफारिस गर्न र आफ्नो कार्य क्षेत्रका सदस्यलाई बैठक गरी त्यसको जानकारी गराउनुपर्ने छ।

पार्टी सदस्यता विस्तार तथा सङ्गठन सुदृढीकरण गर्न गत वर्ष माघ २५ गतेदेखि चैत २५ गतेसम्म महाधिवेशन केन्द्रित अभियान देशभर सञ्चालन गरिएको थियो। सो अवधिमा पार्टी सदस्य व्यवस्थित तथा विस्तार, सङ्गठन निर्माण, भेला प्रशिक्षण, प्रकाशनसहित सम्पर्क मञ्चका सदस्य विस्तार, वितरण गर्न सदस्यता शुल्कलगायत व्यवस्थित गरिएको पार्टीले जनाएको छ।

# प्रचण्ड गर्मीका बीच भारतमा दोस्रो चरणको मतदान

एएफपी

मथुरा । भारतमा छ साता लामो चुनावी अभियान शुक्रबार पुनः सुरु भएको छ । प्रचण्ड गर्मीबाट प्रभावित मुलुकका केही भागमा लाखौँ मतदाता मतदान केन्द्रहरूबाहिर लाइनमा उभिएका थिए । जुनको प्रारम्भमा सम्पन्न हुने निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकाल जित्ने अपेक्षा गरिएको छ । यद्यपि गत साताको पहिलो चरणको मतदानमा सन् २०१९ को पछिल्लो निर्वाचनभन्दा करिब चार अङ्क झरेर ६६ प्रतिशत मत खसेको छ । भारतीय मिडिया आउटलेटहरूले औसतभन्दा धेरै तापक्रमका कारण कम मतदान भएको अनुमान गरेका थिए ।



मतदान पुनः सुरु हुनुभन्दा केही समयअघि प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमा जनतासँग गर्मी भए पनि ' कीर्तिमानी संख्या' मा मतदान गर्न आग्रह गर्नुभयो । सामाजिक सञ्जाल प्लेटफर्म एक्समा उहाँले लेख्नुभएको छ, "उच्च मतदानले हाम्रो लोकतन्त्रलाई बलियो बनाउँछ, तपाईंको मत तपाईंको आवाज हो ।"विश्वको सबैभन्दा धेरै जनसंख्या भएको भारतमा निर्वाचन गराउने ठूलो बोझ कम गर्न चरणबद्ध मतदानअन्तर्गत दोस्रो चरणको मतदान सुरु भएको हो । दोस्रो चरणको मतदानमा यो साता ४० डिग्रीभन्दा माथि तापक्रम रहेका जिल्लाहरू समावेश छन् । भारतको मौसम ब्युरोले सप्ताहन्तसम्म धेरै राज्यमा भीषण गर्मीको अवस्था जारी रहने बिहीबार बताएको छ ।

दोस्रो चरणको मतदानमा पूर्वी राज्य बिहारका केही भाग समावेश छन् । यहाँ पाँच जिल्लामा शुक्रबार मतदान हुँदैछ । यहाँ यो साता मौसमी औसतको तुलनामा पाँच दशमलव एक डिग्री सेल्सियसभन्दा धेरै तापक्रम रेकर्ड गरिएको छ । दक्षिणमा कर्नाटक राज्य र भारतको सबैभन्दा धेरै जनसङ्ख्या भएको राज्य तथा हिन्दू आस्थाको केन्द्र उत्तर प्रदेशका केही भागमा पनि गर्मीको लहरको सामना गर्दै मतदान गर्ने तालिका रहेको छ ।

यसै साताको प्रारम्भमा भारतको निर्वाचन आयोगले प्रत्येक चरणको मतदानअघि गर्मीको लहर र आर्द्रताको प्रभावको समीक्षा गर्नका लागि कार्यदल गठन गरेको बताएको थियो । द हिन्दू अखबारले प्रचण्ड गर्मीका कारण 'मतदान प्रतिशतमा गिरावट आउन सक्छ' भन्ने चिन्ताका कारण यस्तो निर्णय लिइएको हुनसक्ने बताएको छ ।

सोमबार एक विज्ञप्तिमा आयोगले शुक्रबारको मतदानमा तातो तापक्रमको प्रभावका बारेमा 'कुनै ठूलो चिन्ता नभएको' बताएको थियो । तर मौसमको रिपोर्टहरूलाई नजिकबाट अनुगमन गरिरहेको र 'मतदान कर्मचारीका साथै मतदाताहरूको आराम र कल्याण' सुनिश्चित गर्ने विज्ञप्तिमा उल्लेख छ ।यस साता दक्षिण र दक्षिणपूर्वी एसियाका केही भागमा असाधारण तातो मौसमले असर पुर्याएको छ । अत्यधिक गर्मीका कारण फिलिपिन्स र बङ्गलादेशमा विद्यालयहरू बन्द गरिएको छ ।

भारतमा महाराष्ट्र राज्यमा प्रधानमन्त्री मोदीको र्यालीमा सडकमन्त्री नितिन गडकरी बेहोस हुँदा बुधबार गर्मीका कारण चुनावी प्रचारप्रसारलाई बाधा पुर्याएको थियो । घटनाको फुटेजमा मन्त्री बेहोस हुँदै गरेको र सञ्चालकहरूले उहाँलाई मञ्चबाट बाहिर लैजाँदै गरेको देखाइएको छ । पछि उहाँले गर्मीका कारण आफू बेहोस भएको बताउनुभयो । जलवायु परिवर्तनका कारण गर्मीको लहर लामो, अधिक लगातार र अधिक तीव्र हुँदै गरेको वर्षौंको वैज्ञानिक अनुसन्धानबाट पत्ता लागेको छ ।

जनादेश खोज्दै गान्धी

भारतको प्रमुख विपक्षी कांग्रेस पार्टीका नेता राहुल गान्धीको निर्वाचन क्षेत्रमा पनि शुक्रबार मतदान हुँदैछ । मोदीको भारतीय जनता पार्टी (भाजपा) का विरोधीहरूको गढ रहेको दक्षिणी राज्य केरलमा आफ्नो सिट कायम राख्न ५३ वर्षीय गान्धी लडिरहनुभएको छ ।

"संविधानको सिपाही बन्नु, आफ्नो घरबाट बाहिर निस्कनु र लोकतन्त्रको रक्षाका लागि मतदान गर्नु प्रत्येक नागरिकको कर्तव्य हो", उहाँले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ ।गान्धी पूर्वप्रधानमन्त्रीहरूको छोरा, नाति र पनाति हुनुहुन्छ तर उहाँको कांग्रेस पार्टीले पछिल्ला दुई आम निर्वाचनमा मोदीविरुद्ध भारी पराजय भोगेको छ । भारतमा मतदानमा भाग लिन ९६ करोड ८० लाखभन्दा बढी मतदाता योग्य छन् । अन्तिम चरणको मतदान जुन १ मा हुनेछ र त्यसको तीन दिनपछि नतिजा आउने अपेक्षा गरिएको छ ।

# पुलिस क्लब राष्ट्रिय भलिबल प्रतियोगिताको फाइनलमा

टुडे समाचारदाता

काठमाण्डु । नेपाल पुलिस क्लब राष्ट्रिय महिला भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।



शुक्रबार भएको खेलमा त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै पुलिस क्लबले फाइनलको यात्रा तय गरेको हो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप) को कभर्डहलमा भएको खेलमा पुलिस क्लबले आर्मी क्लबलाई ३-१ सेटले पराजित गरेको हो । जितसँगै पुलिसले ६ अङ्क बटुलेको छ । पराजित भएको आर्मी प्रतियोगिताबाट बाहिरिएको छ । खेलको पहिलो सेटमा पुलिस २५-१९ अङ्कले विजयी भयो । पुलिसले दोस्रो सेट १७-२५ अङ्कले गुमाउन पुग्यो । तेस्रो सेटमा पुलिस क्लब २५-१५ अङ्कले विजयी भयो । निर्णायक सेटमा पनि पुलिस क्लबले आर्मीलाई २५-१३ अङ्कले हरायो ।

शेरबहादुर खड्का स्मृति प्रतिष्ठानको आयोजनामा भएको उक्त प्रयोगिताको विजेता टोलीले रु चार लाख ९९ हजार तथा उपविजेता टोलीले रु दुई लाख ५० हजार पुरस्कार प्राप्त गर्नेछ । त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख २५ हजार र चौथो हुने टोलीले रु ६२ हजार पुरस्कार प्राप्त गर्नेछ ।

# कोका-कोला ब्रान्डेड प्लास्टिक प्रदूषणको विश्वको सबैभन्दा ठूलो उत्पादक

सिन्ह्वा

क्यानबेरा । विश्वव्यापी रूपमा वातावरणमा पाइने ब्रान्डेड प्लास्टिक प्रदूषणमध्ये आधाभन्दा बढी ५६ कम्पनीबाट आएको अन्तर्राष्ट्रिय अनुसन्धानले देखाएको छ ।



बिहीबार प्रकाशित एक अध्ययनमा अस्ट्रेलियाको राष्ट्रिय विज्ञान एजेन्सी राष्ट्रमण्डल वैज्ञानिक र औद्योगिक अनुसन्धान सङ्गठन (सीएसआइआरओ) लगायत १२ अन्तर्राष्ट्रिय संस्थाहरूले प्लास्टिक प्रदूषणका लागि जिम्मेवारीको पहिलो मापन प्रदान गरेका छन् । चौरासी देशमा फैलिएको पाँच वर्षको प्लास्टिक फोहोर अवलोकन कार्यक्रमको तथ्याङ्कमा आधारित अनुसन्धानमा सबै ब्रान्डेड प्लास्टिक प्रदूषणको आधाभन्दा बढीका लागि ५६ कम्पनी र १३ कम्पनी प्रत्येक एक प्रतिशतभन्दा बढीका लागि जिम्मेवार रहेको पाइएको छ । कोका-कोला कम्पनी ब्रान्डेड प्लास्टिक प्रदूषणको सबैभन्दा ठूलो उत्पादक रहेको छ । यसले विश्वव्यापी कूल प्रदूषणमा ११ प्रतिशत योगदान गर्दछ । त्यसपछि पेप्सिको पाँच प्रतिशत, नेस्ले र फ्रान्सेली खाद्य कम्पनी डेनोन प्रत्येकको तीन प्रतिशत रहेको थियो । सबै १३ कम्पनी कम्तीमा एक प्रतिशत खाना, पेय पदार्थ वा सुर्तीजन्य उत्पादनका लागि जिम्मेवार थिए ।

"यी खोजले वातावरणमा प्लास्टिक उत्पादन समाप्त हुन्छन् भन्नेबारे नयाँ अन्तर दृष्टि प्रदान गर्दछ र एकल-उपयोग प्लास्टिकलाई सम्बोधन गर्ने समाधानहरूको महत्त्वलाई प्रकाश पार्दछ", सिएसआइआरओका अनुसन्धानकर्ता क्याथी विलिसले भन्नुभयो, "यसले नयाँ उत्पादनहरूका लागि विश्वव्यापी माग घटाउने र पुनः प्रयोग गर्ने र मर्मत गर्ने क्षमतालाई बढाउने सुरक्षित र दिगो उत्पादन डिजाइनहरू समावेश गर्दछ ।"

समग्रमा अनुसन्धानले वातावरणमा ब्रान्डेड र गैर-ब्रान्डेड प्लास्टिक प्रदूषणको मात्रा ५०-५० मा विभाजित भएको फेला पारेको छ । विलिसले प्लास्टिक प्रदूषण पत्ता लगाउने क्षमता र जवाबदेहिता बढाउन प्याकेजिङको ब्रान्डिङमा सुधार ल्याउन अन्तर्राष्ट्रिय मापदण्डका लागि आग्रह गर्नुभयो ।

# उत्तर कोरियाली नेता किमद्वारा मल्टिपल रकेट लन्चरको परीक्षण निरीक्षण

एएफपी

सोल ।उत्तर कोरियाका नेता किम जोङ उनले मल्टिपल रकेट लन्चरको परीक्षणको निरीक्षण गर्नुभएको सरकारी सञ्चारमाध्यमले शुक्रबार बताएको छ । प्योङ्याङले रुसलाई हतियार आपूर्ति गरेको आरोप लगाइएपछि यो पछिल्लो हतियार परीक्षण हो ।

धेरै हदसम्म एक्लो परेको उत्तर कोरियाले हालै मस्कोसँगको सैन्य सम्बन्धलाई बलियो बनाएको छ । साथै उसले यसै महिना आफूविरुद्धको अन्तर ाष्ट्रिय प्रतिबन्धको अनुगमन गर्ने संयुक्त राष्ट्र विशेषज्ञहरूको एउटा प्यानलको नवीकरणलाई रोक्नका लागि भिटो प्रयोग गरेकामा रुसलाई धन्यवाद दिएको छ ।दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले उत्तर कोरियामाथि रुसलाई हतियार आपूर्ति गरेको आरोप लगाउँदै आएका छन् । संयुक्त राष्ट्रसङ्घले त्यस्तो कुनै पनि कदमलाई प्रतिबन्ध लगाएको छ ।

आणविक हतियारसम्पन्न उत्तर कोरियाले युक्रेनमा प्रयोग गर्नका लागि रुसमा पठाउनुअघि क्रुज मिसाइलहरूको परीक्षण र उत्पादन बढाउन सक्ने विश्लेषकहरूले बताएका छन् ।

आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसएनए) का अनुसार प्योङयाङको नयाँ रक्षा उद्योग एकाइमा बनाइएका ' मल्टिपल रकेट लन्चरको २४० एमएम शेल' को 'उडान सुविधािहरू र हिट तथा एकाग्रता सूचकहरू' परीक्षणका क्रममा 'अत्यन्त सन्तोषजक ढङ्गले मूल्याङ्कन' गरिएको थियो । नेता किमले यस वर्षका लागि युद्ध सामग्री उत्पादन योजनालाई निश्चितरूपमा गुणात्मक ढङ्गले पूरा गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभएको केसिएनएले बताएको छ ।

"नयाँ प्रविधिसहितको रकेट लन्चरले उत्तर कोरियाको सेनाको आर्टरी बललाई बलियो बनाउन रणनीतिक परिवर्तन ल्याउने छ", किमको भनाइ उद्धृत गर्दै केसिएनले भनेको छ ।

यसै साताको प्रारम्भमा किमले मुलुकको पहिलो ' आणविक ट्रिगर' अभ्यासको निरीक्षण गर्नुभएको प्योङ्याङले बताएको छ । यसमा दुश्मनहरूलाई चेतावनीका रूपमा आणविक जवाफी हमलाको अनुकरण सामेल थियो । सोलमा उत्तर कोरियाली अध्ययन विश्वविद्यालयका अध्यक्ष याङ मु-जिनले शुक्रबारको घोषणाका आधारमा उत्तर कोरियाले दक्षिण कोरियाको राजधानी क्षेत्रलाई लक्षित गरी सटीक आक्रमणका लागि मार्गदर्शन प्रविधिलाई एकीकृत गर्न 'केही प्रगति' हासिल गरेको जस्तो देखिएको बताउनुभयो । "सम्पूर्ण मुलुक मिसाइल रक्षा उद्योग प्रदर्शनी जस्तो देखिन्छ", उहाँले भन्नुभयो ।

गत वर्ष उत्तर कोरियाले सन् २००६ देखि लागु राष्ट्रसङ्घीय प्रतिबन्धलाई बेवास्ता गर्दै तथा वासिङ्टन र सोलले चेतावनी दिए पनि रेकर्ड सङ्ख्यामा मिसाइल परीक्षण गरेको थियो । प्योङ्याङले सन् २०२२ मा आफैँलाई 'अपरिवर्तनीय' आणविक हतियार सम्पन्न मुलुक घोषणा गरेको छ । यसै वर्ष प्योङ्याङले दक्षिण कोरियालाई आफ्नो 'प्रमुख शत्रु' घोषणा गरेको छ । पुनरमिलन र पहुँचका लागि समर्पित एजेन्सीहरूलाई अलग गरेको छ र 'शून्य दशमलव ००१ मिमी' क्षेत्रीय उल्लङ्घनमा समेत युद्धको धम्की दिएको छ ।

# जापानका प्रधानमन्त्रीले फ्रान्स, ब्राजिल र पाराग्वेका भ्रमण गर्ने

एएफपी

टोक्यो । जापानका प्रधानमन्त्री फुमियो किशिदाले आगामी साता फ्रान्स, ब्राजिल र पाराग्वेको भ्रमण गर्नुहुने भएको छ । जापानले ल्याटिन अमेरिकासँगको सम्बन्धलाई प्रगाढ बनाउन खोजेको छ ।

छ दिवसीय भ्रमण कार्यक्रममा प्रधानमन्त्री किशिदाले फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनका साथै ब्राजिलका नेता लुइज इनासियो लुला दा सिल्भासँग पनि भेट गर्नुहुने जापानी प्रधानमन्त्रीको कार्यालयले जनाएको छ ।

"यस वर्ष ब्राजिलले जी२० को र पेरुले एसिया-प्रशान्त आर्थिक सहयोग (एपिइसी) को अध्यक्षता गरिरहेका छन्, यो ल्याटिन अमेरिकाको वर्ष हो र यसमा विश्वको ध्यान केन्द्रित भएको छ", सरकारका प्रवक्ता योशिमासा हयाशीले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो, "जापानले ल्याटिन अमेरिकी मुलुकहरूसँगको सम्बन्धलाई बलियो बनाउने यो अवसरलाई सदुपयोग गर्न चाहन्छ ।"

जापानी समाचार एजेन्सी क्योदो न्युजका अनुसार लुलासँगको आफ्नो बैठकमा प्रधानमन्त्री किशिदाले जलवायु परिवर्तनदेखि लिएर डिकार्बोनाइजेसन र अन्य वातावरणीय मुद्दामा द्विपक्षीय सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुहुने अपेक्षा गरिएको छ । निक्की दैनिकका अनुसार हरित प्रविधिहरूमा द्विपक्षीय सहयोगलाई बढाउन ब्राजिलमा थप जापानी लगानी हेर्ने गरी किशिदाले कम्तीमा ४० कम्पनीको प्रतिनिधित्व गर्ने प्रतिनिधिमण्डल लैजानुहुनेछ ।

जापानी अटो कम्पनी टोयोटाले गत महिना उसले ब्राजिलमा हाइब्रिड सवारी साधनको उत्पादन बढाउनका लागि ११ अर्ब रिसिस (दुई अर्ब २० करोड अमेरिकी डलर) लगानी गर्ने योजना बनाइरहेको बताएको थियो ।

ब्राजिलको भ्रमणअघि किशिदाले 'विभिन्न आर्थिक तथा सामाजिक मुद्दाको समाधानबारेमा छलफलको नेतृत्व गर्न' फ्रान्समा ओइसिडी बैठकमा सहभागिता जनाउनुहुने उहाँको कार्यालयले बताएको छ ।

# चीन र अमेरिका 'प्रतिद्वन्द्वी नभई साझेदार हुनुपर्छ'

एएफपी

बेइजिङ । चीनका राष्ट्रपति सी जिनपिङले शुक्रबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनसँग विश्वका दुई सबैभन्दा ठूला अर्थतन्त्र 'प्रतिद्वन्द्वी नभई साझेदार' हुनुपर्ने बताउनुभएको छ । यद्यपि उहाँले दुई मुलुकबीचको सम्बन्धमा रहेका 'थुप्रै मुद्दा' को समाधान गर्नुपर्ने बताउनुभयो ।



एक वर्षभन्दा कम समयमा दोस्रो पटक चीनमा ब्लिङ्केनले राजधानी बेइजिङमा चीनका प्रमुख राजनीज्ञिहरूसँग भेट गर्नुभयो । भेटमा अमेरिकी अधिकारीहरूले रुस, ताइवान र व्यापारसहित मतभेदका महत्त्वपूर्ण क्षेत्रलाई प्रत्यक्षरूपमा उठाउने बताएका छन् ।

सरकारी प्रसारक सिसिटिभीका अनुसार बेइजिङको ग्रेट हल आफ दि पिपुलमा ब्लिङ्केसँग भेट गर्दै राष्ट्रपति सीले गत वर्ष अमेरिकी राष्ट्रपति जो बाइडेनसँग भेट भएपछि दुवै मुलुकले 'केही सकारात्मक प्रगति हासिल गरेको' बताउनुभयो ।

"दुवै मुलुक साझेदार हुनुपर्छ, प्रतिद्वन्द्वी होइन", उहाँले भन्नुभयो, "अहिले पनि धेरै मुद्दा छन् जसको समाधान गर्न आवश्यक छ र थप प्रयासहरूका लागि अझै ठाउँछ, अमेरिकाले पनि चीनको विकासप्रति सकारात्मक दृष्टिकोण अपनाउन सक्छ भन्ने हामीले अपेक्षा गरेका छौँ ।"उहाँका अनुसार मूलभूत समस्याको समाधान भयो भने सम्बन्ध वास्तवमा स्थिर हुन सक्छ, राम्रो हुन सक्छ र अगाडि बढ्न सक्छ ।

यसअघि भ्रमणमा रहनुभएका विदेशमन्त्री ब्लिङ्केनले रुसका लागि समर्थनसहितका मुद्दामा चिन्ता व्यक्त गर्नुभएपछि चीनका विदेशमन्त्री वाङ यीले अमेरिकी दबाब 'ह्रासोन्मुख' हुने चेतावनी दिनुभयो । उहाँले स्व-शासित ताइवानको प्रश्न 'पहिलो सीमा' हो भन्दै यसलाई चीन-अमेरिका सम्बन्धमा पार गर्न नहुने चेतावनीसमेत दिनुभयो । ब्लिङ्केनले डियाओयुताई स्टेट गेस्ट हाउसमा वाङसँगको साढे पाँच घन्टासम्म भएको छलफल 'व्यापक र रचनात्मक' रहेको बताउनुभयो । उहाँले बेइजिङमा शुक्रबार अमेरिकी पत्रकारहरूसँग कुराकानी गर्नुहुनेछ ।

# चिनियाँ वैज्ञानिकद्वारा सेलफोन चार्ज गर्न सक्ने पहिरनयोग्य ब्याट्रीको निर्माण

सिन्ह्वा

साङ्घाई । चिनियाँ वैज्ञानिकहरूको टोलीले ऊर्जा भण्डारण गर्न सक्ने तथा स्मार्टफोन र घडी जस्ता व्यक्तिगत इलेक्ट्रोनिक उपकरणलाई पनि शक्ति दिने नरम र सास फेर्न सक्ने कपडाको विकास गरेको छ । 'पोलिमर जेल इलेक्ट्रोलाइट्स' सँग परम्परागत तरल इलेक्ट्रोलाइट्स प्रतिस्थापन पहिरन योग्य ब्याट्रीको लचिलोपन वृद्धि गर्नका लागि अत्यन्त प्रभावकारी रणनीति हो । पोलिमर जेल इलेक्ट्रोलाइट्स ऊर्जा रूपान्तरण र भण्डारण यन्त्रहरू जस्तै ब्याट्री र इन्धन कक्षमा प्रयोग गरिन्छ ।



यद्यपि पोलिमर जेल इलेक्ट्रोलाइट र इलेक्ट्रोड बीचको इन्टरफेसमा अपर्याप्त गिलोपनले विशेषगरी ब्याट्री विकृतिको चरणबाट गुज्रिँदा इलेक्ट्रोकेमिकल कार्यसम्पादनलाई घटाउँछ । फुदान विश्वविद्यालयका शोधकर्ताहरूले इलेक्ट्रोड डिजाइनभित्र च्यानल संरचना बनाएका छन् । यसले घनिष्ठ र स्थिर इन्टरफेस सिर्जना गर्दा पहिरन योग्य ब्याट्रीको प्रदर्शन र विश्वसनीयता बढाउँछ ।

शोधकर्ताहरूले आइभी र बोटबिरुवाहरू जोडिएका तथा धेरै इलेक्ट्रोड फाइबर एकसाथ घुमाएर पङ्क्तिबद्ध च्यानलहरू बनाउने प्राकृतिक घटनाबाट प्रेरणा लिएका छन् । आइभीले बोटको वृद्धिको बानीलाई वर्णन गर्दछ र यसमा कुनै पनि सङ्ख्यामा पछि लाग्ने वा चढ्ने प्रजाति र प्रजातिहरू समावेश हुन सक्छन् । प्रत्येक इलेक्ट्रोड फाइबरको सतह नेटवर्क च्यानलसँग डिजाइन गरिएको थियो ।

नेचर जर्नलमा यस हप्ता प्रकाशित अध्ययनअनुसार मोनोमर समाधानलाई पङ्क्तिबद्ध च्यानलमा घुसाइएको र त्यसपछि जेल इलेक्ट्रोलाइट बनाउन नेटवर्क च्यानलमा घुसाइएको थियो ।टोलीले फाइबर लिथियम-आयन ब्याट्रीहरू धेरै किलोमिटर लम्बाइ र उच्च ऊर्जा घनत्वका साथ बनाउन सफल भयो । यसले ड्रोन जस्ता विद्युतीय उपकरणलाई प्रभावकारी रूपमा शक्ति प्रदान गर्न सक्छ ।

पेपरका सम्बद्ध लेखक पेङ हुइशेङले भन्नुभयो, "शोधकर्ताहरूले एक 'पाइलट उत्पादन लाइन' स्थापना गरेका छन् र यसले प्रतिघण्टा तीन सय वाट उत्पादन क्षमता हासिल गरेका छन् । यो प्रतिघण्टा उत्पादन गरिएको ब्याट्री बराबर हो र यो २० वटा मोबाइल फोन एकै पटक चार्ज गर्न सक्षम छ ।" पाइलट लाइनले औपचारिक ठूलो उत्पादनअघि मध्यम-स्तरीय उत्पादन लाइनलाई जनाउँछ र यसमा अवलोकन सुधार गर्ने परीक्षण कार्य हुन्छ ।

# चीन भ्रमण गर्ने योजनामा पुटिन

एएनआई

मस्को ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आगमी मे महिनामा चीन भ्रमण गर्ने योजना बनाउनुभएको रुसी समाचार एजेन्सी तासलाई उद्धृत गर्दै क्योडोले जनाएको छ । गत मे ७ मा पाँचौं कार्यकाल सुरु भएपछि पुटिनको यो पहिलो विदेश भ्रमण हुनेछ ।

पुटिनले बिहीबार रुसी युनियन अफ इन्डस्ट्रियलिस्ट एन्ड इन्टरप्रेन्योर कङ्ग्रेसको सम्बोधनमा आफ्नो मे महिनामा चीनको भ्रमण तय भएको उल्लेख गर्नुभयो । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन बेइजिङ आइपुगेको केही समयपछि पुटिनको यस्तो घोषणा आएको हो ।चिनियाँ राष्टङपति सी जिनपिङले यसै महिनाको सुरुमा बेइजिङमा रूसी विदेशमन्त्री सेर्गेई लाभरोभसँग भेट गर्नुभएको थायो । उक्त समयमा लाभरोभ र सीबीच छ वर्षमा पहिलो पटक प्रत्यक्ष छलफल भएको थियो । लाभरोभ र सीबीच सन् २०१८ मा पुटिन पुनः निर्वाचित भएपछि चीनको उद्घाटन भ्रमणभन्दा ठिकअघि भेट भएको थियो ।त्यसबेलादेखि चीन र रुसले विशेषगरी युक्रेनमा पुटिनको युद्धपछि आफ्नो आर्थिक, व्यापार र कूटनीतिक सहकार्यलाई तीव्र बनाएका छन् ।युक्रेन युद्धमा आफ्नो तटस्थता दावी गरे पनि चीन रुसका लागि महत्त्वपूर्ण आर्थिक साझेदारको रूपमा देखापरेको छ र उसले रुसको एक्लिएको अर्थतन्त्रलाई महत्त्वपूर्ण समर्थन प्रदान गरेको छ ।

# भरतपुरको होटलमा २५ प्रतिशतसम्म छुट

चितवन । भरतपुर भ्रमण वर्ष २०२४ को अवधिभर भरतपुरका होटलले पर्यटकलाई छुट दिने भएका छन ।

भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालको उपस्थितिमा बिहीबार भएको होटल व्यवसायीसँगको छलफलबाट शुल्क निर्धारण र छुट दिने निर्णय गरिएको हो । त्यसअनुसार होटल व्यवसायीले खानामा १५ प्रतिशत र आवासमा २५ प्रतिशतसम्म छुट दिने छन् ।

छुटको अनुपात अझ बढ्न सक्ने व्यवसायीले बताएका छन् । महानगर प्रमुख दाहालले भरतपुरमा पर्यटकिय गतिविधि बढेको भन्दै यहाँ आउने पर्यटकलाई दिने सेवा सुविधामा कमी हुन नदिन आग्रह गर्नुभयो । महानगरपालिकाका पर्यटनविज्ञ डा विश्व सुवेदीका अनुसार भ्रमण वर्ष घोषणापछि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहका ५१ कार्यक्रममध्ये २० कार्यक्रम भरतपुरमा आयोजना भइसकेका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका ठूला खेलकुद प्रतियोगिता, प्रदर्शनीले भरतपुरमा मानिसको चहलपहल बढेको विज्ञ सुवेदीले जानकारी दिनुभयो । उहाँले पर्यटन व्यवसायीले रात्रिकालीन घुमफिर गर्ने ठाउँको खोजी गरेको बताउनुभयो । “व्यवसायीले होटल सञ्चालनको समय बढाउनुपर्ने माग गरेका छन्”, उहाँले भन्नुभयो, “यसबारेमा छलफल गरी रात्रिकालीन घुमफिरको स्थल तय गरिनेछ ।”

मेघौली र जगतपुरका होटल व्यवसायीले आफूहरु महानगरको छुटको प्रस्तावमा सकारात्मक बने पनि महानगरले गरेका कार्यक्रम पनि विकेन्द्रीकृत गरेर जगतपुर र गोलाघाटतिर पनि गर्नुपर्ने प्रस्ताव गरेका छन् । होटल व्यवसायी सङ्घ मेघौलीका अध्यक्ष सन्देश चापागाईंले भ्रमण वर्षका कारणले पर्यटक अपेक्षितरुपमा बढ्न नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, “हामी महानगरलाई सहयोग गर्न तयार छौँ, तर महानगरले गर्ने विभिन्न सभा, सम्मेलन र कार्यशाला मेघौली र जगतपुरतिर हुनुपर्छ, नारायणगढ केन्द्रित हुनुहुँदैन, सबै निकायको यस कार्यमा समुचित सहयोग आवश्यक पर्छ ।”

भ्रमण वर्षका लागि सांस्कृतिक अनेकता, भौगोलिक विविधता, प्राकृतिक अवस्था, भू-बनोट आदिका आधारमा महानगरले आफ्ना प्रमुख गन्तव्य छुट्याएको छ । भरतपुरसँग दुर्लभ वन्यजन्तु अवलोकन र पर्यापर्यटनका लागि विश्वमै चिनिएको चितवन राष्ट्रिय निकुञ्ज, दुई ठूला नदी राप्ती तथा नारायणी, सुन्दर पर्यटकीय नगरी मेघौली, गोलाघाट, पटिहानी, राइनोकुञ्ज भरतपुरका प्रमुख पर्यटकीय क्षेत्र छन् ।

त्रिशूली र कालीगण्डकीको सङ्गमस्थल देवघाटदेखि मौलाकालिका मन्दिर, सामुदायिक वन, बीसहजारी ताल, नारायणी तट क्षेत्र, चौकीडाँडा, कविलासगढी, जगतपुर, बाटुली पोखरी, कसरालाई महानगरले भ्रमण वर्षको मुख्यस्थानका रूपमा प्रचार गर्दै पर्यटकीय गतिविधि सञ्चालन गरिरहेको छ । यहाँको मुख्य आकर्षण जङ्गल सफारी र जङ्गली जनावर बाघ, गैँडालगायतको अवलोकन पनि हो । रासस

# ‘ऊर्जा सुरक्षाका लागि वैकल्पिक ऊर्जाको विकास निर्विकल्प’




काठमाण्डु । नेपालमा जलविद्युत्सँगै हाइड्रोजन, सौर्य, वायु जस्ता वैकल्पिक ऊर्जा उत्पादनमा पनि जोड दिनुपर्नेमा सरोकारवालाहरुले जोड दिनुभएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान)को आयोजनामा भृकुटीमण्डमा जारी ‘हिमालयन हाइड्रो एक्स्पो २०२४’ अन्तर्गत ‘पायोनियरिङ द क्लिन इनर्जी सिनर्जी’ विषयक सत्रमा वक्ताहरुले वैकल्पिक ऊर्जाको पनि प्रयोग बढाउँदै ऊर्जा मिश्रणमा जानुपर्नेमा जोड दिनुभएको हो ।

ऊर्जा सुरुक्षाका लागि वैकल्पिक ऊर्जा निर्विकल्प रहेको उहाँहरुको भनाइ छ । कार्यपत्र प्रस्तुत गर्दै काठमाडौँ विश्वविद्यालयका प्राध्यापक एवं हाइड्रोजन विज्ञ विराजसिंह थापाले सन् २०३० सम्ममा हाइड्रोजनको मूल्यमा ६२ प्रतिशतले कमी आउने र त्यसका लागि नेपाल आजैबाट तयार हुनुपर्नेमा जोड दिनुभयो । “सन् २०५० सम्म १३ ट्रिलियन डलरको बजार हुँदैछ”, उहाँले भन्नुभयो, “बेलायतको एक अध्ययनले नेपालमा अन्य मुलुकको तुलनामा हाइड्रोजन सस्तोमा उत्पादन गर्ने देखिएको छ । सौर्य, वायू र हाइड्रोको मिश्रणबाट नेपालमा विश्वमै सबैभन्दा सस्तो हाइड्रोजन उत्पादन गर्न सकिन्छ ।”

काठमाडौँ विश्वविद्यालयले हाइड्रोजनबाट गाडी चलाएको र चुल्हो बालेर साङ्केतिक रहेको भन्दै उहाँले सरकार र निजी क्षेत्र यसमा आउनुपर्नेमा आवश्यकता औँल्याउनुभयो । “अब सरकार र अन्य क्षेत्रले यसमा लगानी गर्नुपर्छ । एमोनिया भविष्यको ऊर्जा भएर आउँदैछ । यो एक ट्रिलियन डलरको बजार हुँदैछ । नेपाल विद्युत् प्राधिकरण र काठमाडौँ विश्वविद्यालयसँगको सहकार्यमा यसको अनुसन्धान हुँदैछ”, उहाँले भन्नुभयो ।

काठमाडौँ विश्वविद्यालयले बुद्धभूमि हाइड्रोपावरसँग हाइड्रोजन उत्पादनमा सहकार्य गरेको पनि उहाँले जानकार दिनुभयो । सरकारले हाइड्रोजन नीति बनाए पनि ऐन, नियम, कार्यविधि बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँका अनुसार हाइड्रोजनसम्बन्धी कार्यविधि बनाएर निजी क्षेत्रलाई लगानीका लागि आकर्षित गर्न सकिन्छ । “नेपाल हाइड्रोजनका लागि ‘हव’ बन्नसक्छ । यसका लागि तयार हुनुपर्छ ।” हाल विश्वमा एक सय ५० अर्ब डलरको हाइड्रोजनको बजार भएको भन्दै यहाँले सरकारले यससम्बन्धी आवश्यक ऐन र कार्यविधि बनाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “सन् २०४५ सम्म सरकारले कार्बन उत्सर्जन शून्यमा झार्ने भनेका छ । यसलाई कसरी प्राप्त गर्ने भन्ने योजना बनाएर कार्यान्वयन गर्नुपर्छ ।”

इप्पानका सदस्य कुवेशमणि नेपालले ‘सोलार पोटेन्सियल एण्ड इम्प्लिमेन्टिएसन अन मिक्स इनर्जी’ विषयक कार्यपत्र प्रस्तुत गर्दै नेपालमा हालसम्म परम्परागत ऊर्जा ६० प्रतिशत रहेको बताउनभयो । उहाँले घरायसी काममा मात्रै ६० प्रतिशत ऊर्जा खपत हुने गरेको भन्दै यसको विकल्प सौर्य ऊर्जा हुनसक्ने बताउनुभयो ।

सरकारले २०७२ सालमा जलविद्युत्, सौर्य र वायू गरी १० हजार मेगावाट उत्पादनको लक्ष्य राखेकामा नौ वर्षमा जम्मा एक सय चार मेगावाट सौर्य ऊर्जा उत्पादन भएको उहाँले बताउनुभयो । उहाँले सरकार सोलार उत्पादनमा जुन रुपमा जानुपर्ने हो त्यसमा नगएको पनि टिप्पणी गर्नुभयो । उहाँले सौर्य ऊर्जासम्बन्धी छुट्टै नीति आवश्यक भएको बताउनुभयो । “सोलार आयोजना बनाउन छुट्टै नीति छैन”, उहाँले भन्नुभयो, “ हालको विद्युत् विधेयकमा यस विषयमा निकै कम उल्लेख छ । यसका लागि छुट्टै मन्त्रालयको व्यवस्था हुनुपर्छ ।”

वैकल्पिक ऊर्जा प्रवर्द्धक कुशल गुरुङले अर्ग्यानिक फोहोरलाई पोखरामा परीक्षण गरिरहेका बताउनुभयो । नेपालमा करिब ६० प्रतिशत कुहिने फोहोर निस्किने गरेको र त्यसको २० प्रतिशत मात्रै प्रयोग गर्न सके २५ लाख टन अर्ग्यानिक मल उत्पादन गर्न सकिने गुरुङको भनाइ थियो । मुस्ताङमा एक मेगावाटको बिलेट लैजान सकिए एक हजार दुई सय मेगावाट सौर्य र नौ सय वायू ऊर्जा गरी दुई हजार एक सय मेगावाट ऊर्जा उत्पादनको सम्भावना अध्ययनले देखाएको उहाँले जानकारी दिनुभयो ।

सिम्पल इनर्जीका प्रमुख कार्यकारी निर्देशक अपार न्यौपाने उद्योगहरुका छानामा सोलार प्यानल राखेर उद्योगमा स्वच्छ ऊर्जा प्राप्त गर्न सकिने धारणा राख्नुभयो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका उप निर्देशक डा लक्ष्मण घिमिरेले नेपाल विद्युत् प्राधिकरणको प्रसारण लाइन पुगेको ठाउँमा केन्द्रले ऊर्जा मीश्रणको काम सुरु गरेको जानकारी दिनुभयो । यस्तै उद्योगले सोलार राखेमा रु पाँच लाखसम्म सहुलियत दिने गरेको उहाँको भनाइ छ । विभिन्न माध्यम प्रयोग गरी १० लाख घरधुरीमा विद्युतीकरण गरेको घिमिरेले जानकारी दिनुभयो । दाउरा विस्थापनका लागि वायोग्यास प्रयोगलाई केन्द्रले प्राथमिकतामा राखेको उहाँले बताउनुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सीडीई लक्ष्मी झाले हाल नेपालको ऊर्जा जडित क्षमता तीन गिगावाट (तीन हजार मेगावाट) पुगेको, विद्युत् चुहावट घट्नेक्रममा रहेको र मन्त्रालयले तय गरेको १३ वटा सूचकको प्रगति राम्रो भएको बताउनुभयो । सरकारको नीतिले गर्दा वैकल्पिक ऊर्जाको विकास विस्तारै हुँदै गएको उहाँको भनाइ थियो । उहाँले ग्रीन हाइड्रोजनको नीति बनेको र यसको ऐनहरु बन्ने क्रममा रहेको बताउनुभयो ।

इप्पानका पूर्वअध्यक्ष शैलेन्द्र गुँरागाईंले एकद्वार प्रणालीभन्दा पनि एक डेस्क स्थापना हुनुपर्नेमा जोड दिनुभयो । हाल लगानी बोर्डले विदेशी र ठूला लगनीकर्तालाई मात्रै समेटेको हुँदा यसका लागि सरकारले छुट्टै प्रणालीको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ थियो ।रासस

# वार्षिक तेईस हजार मेट्रिक टन खाद्यान्न अपुग

सुर्खेत । कर्णाली प्रदेशमा वार्षिक २३ हजार मेट्रिक टनभन्दा धेरै खाद्यान्न अपुग हुने गरेको पाइएको छ ।

कर्णाली प्रदेश कृषि विकास निर्देशनालयको तथ्याङ्क अनुसार प्रदेशमा वार्षिक रुपमा २३ हजार चार सय ३४ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको हो । राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको जनसङ्ख्या १६ लाख ८८ हजार चार सय १२ रहेको छ । यो सङ्ख्यालाई आधार मान्दा कर्णालीमा वार्षिक एक जनालाई दुई सय एक किलो



खाद्यान्न आवश्यक पर्दछ । कर्णालीमा अहिले वार्षिक तीन लाख २० हजार आठ सय ९० मेट्रिक टन खाद्यान्न उत्पादन हुने गरेको छ ।

कर्णालीलाई पूर्ण रुपमा खाद्यान्नमा आत्मनिर्भर हुन तीन लाख ४४ हजार तीन सय २४ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने कृषि विकास निर्देशनालयका कृषि प्रसार अधिकृत तिलकप्रसाद पाण्डेले राससलाई जानकारी दिनुभयो । जिल्लागत रुपमा सल्यान, दैलेख र सुर्खेत मात्रै खाद्यान्नमा आत्मनिर्भर छन् । अन्य सात जिल्लालाई आफ्नै उत्पादनले वर्षभर धान्न नसक्ने गरेको पाण्डेले बताउनुभयो । ९१ हजार ३३ मेट्रिक टन खाद्यान्न उत्पादन हुने सुर्खेत खाद्यान्नमा आत्मनिर्भर छ । सुर्खेतमा चार हजार आठ सय ६७ मेट्रिक टन मौज्दात रहने गरेको निर्देशनालयले जनाएको छ ।

त्यसैगरी खाद्यान्नमा आत्मनिर्भर जिल्ला सल्यान हो । सल्यानमा वार्षिक ४७ हजार सात सय ८८ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने भए पनि ५२ हजार तीन सय ७४ मेट्रिक टन उत्पादन हुने गरेको छ । पाण्डेका अनुसार दैलेखमा पनि वार्षिक ५६ हजार आठ सय १२ मेट्रिक टन उत्पादन हुन्छ । जबकी दैलेखलाई ५० हजार तीन सय ६१ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने गरेको छ । अन्य सात जिल्ला भने खाद्यान्नमा आत्मनिर्भर हुन सकेका छैनन् । अहिले पनि डोल्पामा वार्षिक पाँच हजार ९९ मेट्रिक टन खाद्यन्न अपुग छ ।

यस्तै, हुम्लामा आठ हजार पाँच सय ६५, मुगुमा छ हजार ४३९, जुम्लामा तीन हजार पाँच मेट्रिक टन खाद्यान्न बार्षिक रुपमा अपुग हुने गरेको छ । सबैभन्दा धेरै कालिकोटमा १० हजार तीन सय १७ मेट्रिक टन वार्षिक रुपमा खाद्यान्न अपुग हुँदा रुकुम पश्चिममा एक हजार ६१५ र जाजरकोटमा चार हजार दुई सय ९९ सय मेट्रिक टन खाद्यान्न वार्षिक रुपमा अपुग हुने गरेको कृषि विकास निर्देशनालयको तथ्याङ्कमा छ । यस वर्ष हावाहुरीको कारण मकैबालीमा र केही जिल्लाको धानबालीमा क्षति भएको तथा भूकम्पका कारण भण्डारण भएको खाद्यान्न क्षति भएका कारण खाद्यान्न बचतमा कमी देखिएको निर्देशनालयले जनाएको छ ।

### ‘कृषिमा आत्मनिर्भर बनाउने गरी काम गरेका छौँ’

कृषि विकास निर्देशानालय कर्णाली प्रदेशका निर्देशक चित्रबहादुर रोकायले प्रदेशलाई नै खाद्यान्नमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभएको छ । निर्देशानालयले गरेका प्रगतिको बारेमा जानकारी दिन आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै निर्देशक रोकायले सुर्खेतमा मात्रै उत्पादन पकेट क्षेत्र तोकेर त्यही अनुसारको व्यवसायमा लाग्न प्रेरित गरिएको बताउनुभयो ।

पकेट विकास कार्यक्रम अन्तर्गत आलु, तरकारी, अदुवा बेसार, मौरी, च्याउखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको भन्दै तरकारी, बदाम, मकै, धान खेतीलाई प्रोत्साहन गरिएको बताउनुभयो । तीन सय ७२ वटा कृषि सिँचाइ निर्माण गरी पाँच हजार पाँच सय ८० हेक्टर सिँचाइ पुगेको भन्दै उहाँले त्यसबाट करिब सात हजार छ सय जनाले आंशिक रोजगारी पाएको बताउनुभयो । निर्देशनालयले २८ वटा कृषि सडक निर्माण गरेको भन्दै उहाँले दलित अति विपन्न तथा लक्षित वर्ग विशेष कृषि तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिएको उहाँले सुनाउनुभयो ।

उत्पादनमा जोड र बजारीकरणको ग्यारेन्टी गर्नेगरी आफूहरुले काम गरेको उहाँको भनाइ छ । वीरेन्द्रनगर र गुर्भाकोट नगरपालिकामा कोल्डस्टोर निर्माण गरी सञ्चालनमा ल्याइएको उहाँको भनाइ छ । किसानलाई उत्पादनमा जोड्न ब्याज अनुदान कार्यक्रममा किसानलाई जोडिएको उहाँको भनाइ छ । अब कृषिमा यान्त्रिकरण र आधुनिकीकरण गर्नेगरी आगामी योजना बनाउने र कृषिमा बजेट पनि बढाउनुपर्ने उहाँको भनाइ छ । रासस

# विद्युत् बक्यौता राफसाफ गर्न अर्थमन्त्रीसँग मेयर्स फोरमको अनुरोध



पाटन । काठमाडौँ उपत्यका मेयर्स फोरमले अर्थमन्त्री वर्षमान पुनसँग चालु आर्थिक वर्षसम्मको विद्युत् बक्यौता राफसाफ गरिदिन अनुरोध गरेको छ ।

विद्युत् प्राधिकरणले तीन महिनाअघि स्थानीय तहलाई विद्युत् महसुलको बक्यौता तिर्न बिलसहित पत्राचार गरेको थियो । काठमाडौँ उपत्यका मेयर्स फोरमका अध्यक्ष एवं ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जन नेतृत्वको टोलीले बिहीबार अर्थमन्त्रालयमा अर्थमन्त्री वर्षमान पुनसँग विद्युत् महसुलको बक्यौता राफसाफ गरिदिन आग्रह गरेको छ ।

अध्यक्ष महर्जनले आगामी आवदेखि स्थानीय तहले आफ्नो विद्युत् महसुल तिर्ने बताउनुभयो । “चालु आवसम्मको राफसाफ होस्, आउने आवदेखि ६०/४० मा जाऔँ । विद्युत् महसुलबापत उठेको रकममध्ये ६० प्रतिशत स्थानीय तहले र ४० प्रतिशत विद्युत् प्राधिकरणले बेहोर्नुपर्ने व्यवस्था हुनुपर्छ”, उहाँले भन्नुभयो ।

विद्युत् प्राधिकरणले २०७४ सालदेखिको महसुल असुल्न स्थानीय तहलाई पत्राचार गरेपछि उपत्यकाभित्रका स्थानीय तहहरु र मेयर्स फोरमले विरोध जनाउँदै आएको छ । अर्थमन्त्रीलाई भेट्न पुग्नुभएका जनप्रतिनिधिले नगरपालिकालाई प्राप्त बिलमा उल्लेखित रकम तथ्यपरक नभएको गुनासो गर्नुभएको छ । “कहिले देखिको बिल हो भन्ने थाहा छैन, कसरी त्यति उठ्यो भन्ने पनि थाहा छैन, यो बिलले स्थानीय तहको ढाड सेक्छ”, अध्यक्ष महर्जनले भन्नुभयो । काठमाडौँ उपत्यकालाई उज्यालोसहितसुरक्षितबनाउनेअभियानमा लागेका जनप्रतिनिधिलाई विद्युत् प्राधिकरणले निराश बनाएको उहाँको आरोप छ ।चन्द्रागिरि नगरपालिकाका प्रमुख तथा फोरमका महासचिव घनश्याम गिरीले आगामी आवदेखि विद्युत् महसुल तिर्न आफूहरु तयार भएको बताउनुभयो ।

यसअघि फोरमका टोलीले ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलाई भेटेर स्थानीय तहलाई विद्युत् महसुल भुक्तानीको रकमउपर पुनर्विचार गर्न अनुरोध गरेका थिए । फोरमको गोकर्णेश्वरमा बसेको छैटौँ बैठकले विद्युत् प्राधिकरणबाट विद्युत् महसुलको बक्यौता तिर्न आएको पत्रको बारेमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीलाई भेटेर आफ्ना कुरा राख्ने निर्णय गरेको थियो । उक्त निर्णयअनुरुप फोरमका पदाधिकारीहरु ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलाई भेट्न ऊर्जा मन्त्रालय पुगेका थिए । त्यसबखत मन्त्री बस्नेतले विद्युत् महसुल बक्यौताको बारेमा छलफल गर्न अर्थ मन्त्रालय जान अनुरोध गर्नुभएको थियो ।अर्थमन्त्री वर्षमान पुनले काठमाडौँ उपत्यका मेयर्स फोरमका जनप्रतिनिधिले राखेको मागमा छलफल गरेर अघि बढ्ने बताउनुभएको छ । प्राधिकरण पनि सरकारको अङ्ग भएकोले यो विषयमा सकारात्मक ढङ्गबाट अघि बढ्न सकिने उहाँले प्रष्ट पार्नुभयो ।

“प्राधिकरण, ऊर्जा मन्त्रालयमा छलफल गरौँ, सकारात्मक ढङ्गबाट अघि बढौँ”, उहाँले भन्नुभयो । आफू ऊर्जा मन्त्री हुँदा पनि यो विषयमा छलफल गरेको उहाँले स्मरण गर्नुभयो । विद्युत् महसुलको बक्यौता तिर्ने सन्दर्भमा कानुनी छलफल, कानुन संशोधनलगायतका विषयमा छलफल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अर्थमन्त्री पुनले विद्युत् महसुल नतिरेका कारण विद्युत् लाइन नकाट्न प्राधिकरणलाई निर्देशन दिनुभयो ।रासस

# किसानको पीडा : आगोले गहुँबाली खायो, अब हामीले के खाने !



कञ्चनपुर ।कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-७ बाबास्थानका सन्तोषबहादुर मगरले महिनौ मिहेनत गरेर फलाएको गहुँ काटेर घर भित्र्याउने तयारीमा हुनुहुन्थ्यो । त्यहीबेला गत साता एक्कासी आगलागी भएपछि गहुँबालीको थुप्रो खेतमै जलेर खरानी भयो ।

महिनौको मिहेनत आगोको लप्काले क्षणभरमै खरानी भएपछि मगर अहिले निकै चिन्तित हुनुहुन्छ ।“महिनौ मिहेनत गरेर उब्जाएको गहुँको एक दाना पनि जोगाउन सकिएन । आगोले क्षणभरमै सबै खरानी बनायो,” मगर भन्नुहुन्छ, “घरभित्रको अन्नपात पनि सकियो, भिर्त्याउनै आँटेकोगहुँबालीपनि खरानी भएपछि अब के खानुर कसरी बाँच्नु !”

मगर परिवारले १२ कठ्ठा जमिनमा गहुँबाली उब्जाएको थियो । त्यही अन्नले १५ जनाको परिवारको छाक टार्नुपर्ने थियो । विगतका वर्षहरूभन्दा यस वर्ष पर्याप्त सिँचाइ तथा उन्नत जातको बीउ प्रयोग भएकाले मगर परिवारले तुलनात्मकरूपमा विगतभन्दा बढी गहुँ हुने आशामा थियो ।उहाँ भन्नुहुन्छ, “यो वर्ष तीन/चार पटक सिँचाइ गऱ्यौँ । उन्नत जातको बीउ र पर्याप्त मलखादको प्रयोग भएकाले अघिल्लो वर्षभन्दा राम्रो उत्पादन हुने आशा थियो तर आगोले गहुँमात्रै होइन हाम्रो आशा पनि खरानी बनाइदियो ।”

> “यो वर्ष तीन/चार पटक सिँचाइ गऱ्यौँ । उन्नत जातको बीउ र पर्याप्त मलखादको प्रयोग भएकाले अघिल्लो वर्षभन्दा राम्रो उत्पादन हुने आशा थियो तर आगोले गहुँमात्रै होइन हाम्रो आशा पनि खरानी बनाइदियो ।”

बाबास्थानकै नरेश कुमालको पनि सोही दिनको आगलागीले एक बिघा जमिनको गहुँबाली जलेर नष्ट भयो । यतिबेला कुमाललाई सात जनाको परिवारलाई के खुवाउने र गोठमा रहेका बीस बाख्रा र तीन भैंसीलाई वर्षभरी कसरी पाल्ने भन्ने चिन्ताले पिरोलिरहेको छ । “गहुँ काटेर मुठा बाँधिसकेका थियौँ । आगोले पूरै जलेर राख भयो । अहिलेसम्म यस्तो विपत्ति कहिल्यै भएको थिएन,” उहाँ भन्नुहुन्छ, “घरभित्रको अन्न पहिल्यै खाएर सकिसक्यो । अब खानलाई अन्न छैन, कसरी गुजारा गर्ने होला!” कुमाल परिवारले कृषिलाई नै मुख्य उद्यम बनाएर यहीँबाट आएको पैसाले घरखर्च चलाउने गरेको थियो ।

“विगतमा त्यही खेतमा उब्जेको गहुँ वर्षभरीलाई राखिन्थ्यो र बाँकी बिक्री गरेर घरखर्च चलेको थियो । यो वर्ष भने आगोले सखाप बनाएपछि आफूलाई मात्रै होइन छिमेकीबाट सापटी लिएको गहुँ पनि फिर्ता गर्न पाइएन”, उहाँले दुःखेसो पोख्नुभयो ।

गत बिहीबार रुखको हागा टुटेर बिजुलीको तारमा परेपछि त्यसैबाट गहुँबालीमा आगो सल्केको स्थानीयबासीको भनाइ छ । आगलागीबाट बाबास्थानका १५ किसानको करिब ११ बिघा जमिनको गहुँबाली जलेर नष्ट भएको थियो ।

पसिना चुहाउँदै महिनौ मेहनत गरेर लगाएको बाली खरानी भएपछि पीडामा रहेका तिनै किसान अहिले वस्तुभाउका लागि जलेको गहुँ सङ्कलन गरिरहेका छन् । तीन विघा जमिनको गहुँबाली जलेरपछि पीडामा रहेका स्थानीय लालबहादुर पुनमगर हुन्छ,“बाख्रा, बङ्गुरलगायत वस्तुभाउका लागि होला भनेर खरानीसहितको जलेको गहुँ बटुलिरहेका छौँ । अघिल्लो पटक ४० क्विन्टल गहुँ बिक्री गरेकामा यो पटक वस्तुभाउका लागि खरानी बटुलेर बस्नुपरेको छ ।”आगलागीबाट जोगिएको एक विघा जमिनबाट मात्रै यो वर्ष३० क्विन्टल गहुँ उत्पादन भएको उहाँको भनाइ छ । लालबहादुरले बाख्रा, भैंसी र बङ्गुरपालन पनि गर्नुभएको छ । तीन विघा जमिनको गहुँ खरानी बनेपछि बाख्रा, भैंसी र बङ्गुर पालनमा पनि धक्का लागेको उहाँको गुनासो छ ।

“गहुँ त जल्यो, जल्यो, वस्तुभाउका लागि भुसा पनि रहेन । चौपायालाई कसरी पाल्ने भन्ने चिन्ता छ,” उहाँले भन्नुभयो, “आगो लागेको दस मिनेटमै पूरै बाली जलेर खरानी भयो । दमकल नआएको भए बाबास्थान बजार पनि जल्थ्यो”, लालबहादुरको बुझाइ छ । बाली भिर्त्याउने समयमा परेको विपत्ति परेपछि पीडामा रहेका किसान क्षतिको मूल्याङ्कन गरी सरकारले राहत उपलब्ध गराउने अपेक्षामा छन् । पीडित किसानले स्थानीय पालिकामा क्षतिको विवरण पनि बुझाइसकेका छन् । दोधारा चाँदनी नगरपालिकाले राहतस्वरुप प्रत्येक किसानलाई तत्कालरु पाँच हजार वितरण गरेको छ ।रासस

# रंगशाला निर्माणका लागि मेयर साहको दौडधुप

**बहालमा लिएको जग्गामा खेल पूर्वाधार निर्माण गर्न संघीय सरकारबाट बजेटको व्यवस्थापन नभएको, जग्गाको बहाल रकम महँगो भएको र सम्झौताबमोजिम वार्षिक रूपमा बहाल रकम बुझाइ रहनुपर्ने परेकोले सम्झौता भंग गरेको राखेपले जनाएको छ ।**



टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय खेलकुद परिषद (राखेप) ले सम्झौता भंग गरे पछि जनकपुरधाम उप-महानगरपालिकाका मेयर मनोजकुमार साहको धौडधुप शुरु भएको छ। राखेपले गुठी संस्थान केन्द्रीय कार्यालयसंग सम्झौता भंग गरेपछि जनकपुरधामस्थित रामजानकी बहुउद्देश्यीय रंगशाला निर्माण अन्योलमा परेको छ ।

राखेपले रंगशाला निर्माणका लागि गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेको जनकपुरधाम-१४ स्थित १७ बिघा १६ कठ्ठा ११ धुर २ कनमामध्ये १६ बिघा १७ कठ्ठा १९ धुर १ कनमा जग्गा लिजमा लिन २०७४ मंसिर १ मा गुठी संस्थान केन्द्रीय कार्यालयसँग सम्झौता गरेको थियो ।

बहालमा लिएको जग्गामा खेल पूर्वाधार निर्माण गर्न संघीय सरकारबाट बजेटको व्यवस्थापन नभएको, जग्गाको बहाल रकम महँगो भएको र सम्झौताबमोजिम वार्षिक रूपमा बहाल रकम बुझाइ रहनुपर्ने परेकोले सम्झौता भंग गरेको राखेपले जनाएको छ।

राखेपले गत वर्ष पुस ३ गते गुठी संस्थान केन्द्रीय कार्यालयलाई पठाएको पत्रमा ''सम्झौता कायम गरिरहनु उपयुक्त नदेखिएको हुँदा सो सम्झौताको सर्त नम्बर १६ बमोजिमको बाँकी बक्यौता बहाल रकम राखेपबाट भुक्तानीको प्रक्रिया अगाडि बढाउन तथा गुठी संस्थान प्रधान कार्यालयलाई राखेपबीच भएको सम्झौताको सर्त नम्बर १९ बमोजिम सो करार भंग गरी सोको सूचना गुठी संस्थान प्रधान कार्यालयलाई जानकारी गराउने मिति २०८० माघ ३ गतेको सदस्य सचिवस्तरीय निर्णयअनुसार जानकारीका लागि अनुरोध छ' भनिएको छ।

सम्झौता भंग गर्न राखेपले कदम अगाडि बढाएपछि मधेश प्रदेशकै गौरवको योजना भनिएको रामजानकी रंगशाला निर्माण कार्य अन्योलमा परेपछि जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले पहल गर्न थालेको छ।

रंगशाला निर्माण गर्न छाडेको भन्दै दौडधुप बढाएका नगरप्रमुख साहले राखेपको कारण अन्योलको वातावरण सिर्जना भएको उनको भनाइ छ । आफूहरूलाई कुनै जानकारी नै नदिइ सम्झौता भंग गर्न गुठी संस्थानलाई पत्र पठाएर राखेपले बदमासी गरेको आरोप उनले लगाए । 'रंगशाला निर्माण मधेश प्रदेशकै लागि गौरवको योजना रहेकाले निर्माणाधीन सो रंगशालामा कतिपय प्रतियोगिताहरू आयोजनासमेत भइसकेको छ,' रंगशाला निर्माणकै विषयलाई लिएर काठमाण्डु पुगेका नगरप्रमुख साहले भने,' उपमहानगरलाई जानकारी नै नदिई सम्झौता भंग गरिएको छ, यो गलत भएको छ।'

सम्झौता भंग गर्न राखेपले गुठी संस्थानलाई पठाएको विषय सार्वजनिक भएपछि नगरप्रमुख साहले पहलकदमी लिएको छ। काठमाण्डु पुगेर उनले उपप्रधान तथा भौतिकमन्त्री रघुवीर महासेठ, युवा तथा खेलकुदमन्त्री बिराजभक्त श्रेष्ठ, लोसपाका वरिष्ठ नेता शरतसिंह भण्डारीलगायतका नेताहरूलाई भेटेर रंगशाला निर्माण प्रक्रिया अगाडि बढाउन पहल गरिदिन अनुरोधसमेत गरे । खेलकुदमन्त्री श्रेष्ठलाई समेत नगरप्रमुख साहले भेटघाट गरेको छ।

उनले राखेपले गरेको गलत निर्णयकै कारण रंगशाला निर्माण कार्यमा बाधा पर्न नदिन आफू प्रतिबद्ध रहेको बताए । रंगशालाको पूर्वाधार निर्माणका लागि जनकपुरधाम उपमहानगरपालिकाले लाखौं रकम लगानी गरिसकेको छ भने त्यहाँ महेन्द्रनारायण निधि मेमोरियल टि-२० क्रिकेट प्रतियोगिता, मेयर कप, राष्ट्रपति रनिङ शिल्डलगायतका प्रतियोगिताहरूको आयोजना गरिसकेको छ।

नगरप्रमुख साह रामजानकी बहुउद्देश्यीय रंगशालाको निर्माण उपमहानगरपालिकाको विशेष चासो र सरोकारको विषय भएकाले जसरी पनि निर्माण गरेर छाड्ने दाबी गरे । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरधाम भ्रमणमा आएका बेला यहाँको विकासका लागि घोषणा गरेको एक सय करोड रूपैयाँ पनि रंगशाला निर्माणका लागि खर्च गर्ने योजना प्रदेश सरकारले बनाएको छ।

त्यस्तै मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयले भारत सरकार, स्थानीय सरकार तथा प्रदेश सरकारको सहकार्यतामा बजेट व्यवस्थापनसम्बन्धी कार्य भइरहेको जनाएको छ। चालु आर्थिक वर्षमा समेत पूर्वाधार विकासका लागि बजेट विनियोजन गरिएको बताउँदै मन्त्री सुरिताकुमारी साहले राखेपले सम्झौता भंग गर्नु दुःखद रहेको बताइन् ।

# दुग्ध तथा खाद्यान्न बिक्री केन्द्र स्थापना



टुडे समाचारदाता

मलंगवा । । लालबन्दी ४ हरिभवनमा रहेको साना किसान कृषि सहकारी संस्थाले शुक्रबारबाट लालबन्दी बजारमा दुग्ध तथा खाद्यान्न बिक्री केन्द्र स्थापना गरेको छ।

किसानले उत्पादन गरेको दुधजन्य पदार्थ र खाद्यान्न सोझै उपभोक्तासम्म पुर्याउने उद्देश्यले लालबन्दी नगरपालिका ७ स्थित बजारमा बिक्री केन्द्र स्थापना गरिएको मुख्य प्रवन्धक प्रेमबहादुर थापाले बताए।

दुग्ध तथा खाद्यान्न बिक्री केन्द्रको लालबन्दी नगरपालिकाका मेयर बासुदेव अधिकारीले आज बिहान रिबन काटेर उद्धाटन गरेका हुन्। संस्थाले बैशाख १ गतेमात्रै हरिभवनस्थित कार्यालय परिसरमा दुग्ध सङ्कलन तथा बिक्री केन्द्र संचालनमा ल्याएको थियो।

बिक्री केन्द्रको उद्धाटन कार्यक्रममा लालबन्दी नगरपालिकाकी उपमेयर कल्पनामाया पाख्रिन, पूर्व मेयर मानबहादुर खड्का, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपाने, संस्थाका अध्यक्ष दशरथ चौधरीलगायतको उपस्थिति रहेको थियो।

धनुषा निर्माण व्यवसायी संघ
जनकपुरधाम
आमंत्रण
धनुषा निर्माण व्यवसायी संघको नव निर्वाचित पदाधिकारीहरुको
शपथ ग्रहण तथा पदहस्तान्तरण समारोह
नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रिय
अध्यक्ष श्री रवि सिंह ज्यूको
प्रमुख आतिथ्यमा सुसम्पन्न हुने भएको हुँदा उक्त अवसरमा
यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।
कार्यक्रम
मिति : २०८१/०१/१६ गते आइतवार
समय : बिहान ११:३० बजे
स्थान : महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुरधाम-४, तिरुहुतिया गाछी
प्रार्थी
अशोक कुमार चौधरी
नव निर्वाचित अध्यक्ष
तथा
धनुषा निर्माण व्यवसायी संघ परिवार
जनकपुरधाम

# राहत उपलब्ध गराउन गृहमन्त्रीसँग सीके राउतको आग्रह



टुडे समाचारदाता

काठमाण्डु । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले अग्नि पीडितलाई राहत उपलब्ध गराउन उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई ध्यानाकर्षण गराएका छन् ।

शुक्रबार अध्यक्ष राउत गृह मन्त्रालयमा गएर भूकम्प पीडितहरूलाई दिएको जस्तै अग्नि पीडितलाई पनि राहत दिन आग्रह गरेका हुन् ।

सप्तरी, महोत्तरी लगायत विभिन्न जिल्लामा भएको आगजनीले धनजनको ठुलो क्षति भएको छ। सानो राहतले पुरा नहुने भएकाले सरकारले विशेष प्याकेज बनाएर राहत प्रदान गर्न उनले आग्रह गरे। यस्तै उनले अग्नि पीडितका लागि घर बनाइदिन पनि आग्रह गरे।

यस्तै उनले सुरक्षा निकायलगायत अन्य सरोकारवालाहरूलाई तयारी अवस्थामा रहन समेत निर्देशन दिनका लागि गृहमन्त्री लामिछानेलाई आग्रह गरेका छन् ।

सुखा मौसममा खानेपानीको पनि अभाव देखिएको भन्दै उनले त्यसको व्यवस्थाका लागि गृह मन्त्रालयले तत्परता देखाउनुपर्ने अध्यक्ष राउतले बताए।

# आमाले गरिन् पाँच वर्षीय छोराको हत्या

टुडे समाचारदाता

सिरहा । सिरहाको लहानमा एक महिलाले आफ्ना पाँच वर्षीय छोराको हत्या गरेकी छन् । सखुवा ननकारकटी गाउँपालिका-५ घर भई लहान नगरपालिका १ मा बस्दै आएकी सरिताकुमारी साहले आफ्नो पाँच वर्षीय छोरा आयुष साहको हत्या गरेको सिरहा प्रहरीले जनाएको छ।

गत बैशाख ११ गते बिहानबाट बालक आयुष फेला नपरिरहेको सूचनापछि सिरहा प्रहरीले उनलाई खोजतालस सुरु गरेको थियो। अनुन्धानमा जुटेको प्रहरीले सरिता बस्दै आएको कोठाको पलङ भित्रको घर्रामा मृत अवस्थामा बालकको शव फेला परेको थियो ।

प्रहरी नियन्त्रणमा रहेकी सरिताले आफ्नो छोराको हत्या गरेको स्वीकार गरेको सिरहा प्रहरीले जनाएको छ। हत्याको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

डढेलो नियन्त्रण गरौं, वातावरण जागाऔं ।
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ।

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८